# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पोखरिया नगरपालिका

### पर्सा





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पोखरिया नगरपालिका

### पर्सा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पोखरिया नगरपालिका

पर्सा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, मधेश प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ११० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
पोखरिया नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
पर्सा ।

## कैफियत सहितको राय

हामीले पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ८ करोड ५६ लाख ३३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५३ लाख ६ हजार, नियमित गर्नुपर्ने रु १ करोड ९६ लाख ८९ हजार र पेश्की रू. २ करोड ४१ लाख ७३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३१ करोड ७८ लाख ९८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४० करोड ३५ लाख ३१ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ४०८ | ८५६३३ | ० | ० | ० | ४१ | ४०८ | ८५६३३ | ६४६५ | १९६८९ | ३५३०६ | ० | ० | ५४९९६ | २४१७३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | ३१७८९८ | ० | ० | ३१७८९८ | ० | ८५६३३ | ४०३५३१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पोखरिया नगरपालिका, पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अशोक कुमार रौनियार | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | संदेश कुमार यादव | २०७८-८-२० | २०७८-१२-१३ |
| कार्यालय प्रमुख | अशोक कोइराला | २०७८-२-२९ | २०७८-८-१९ |
| लेखा प्रमुख | मनोज कुमार तिवारी | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८५,६३२,९७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,३०,६९,०२६.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,५०,६६,००० | **चालु खर्च** | १२,९७,७६,१३६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८५,४४,००० | **पूँजीगत खर्च** | ७,४९,३८,८६२.५५ |
| **राजश्व बाँडफाँट** | ७,८९,०३,४१३.७५ | **वित्तीय/अन्य व्यवस्था** | २९,७८,६९,५९२.३१ |
| **आन्तरिक आय** | १,६४,०२,८६५.४५ | | |
| **अन्य आय** | ११,२४,२८,१९६.३ | | |
| **कुल आय** | ५६,१३,४४,४७५.५ | **कुल खर्च** | ५०,२५,८४,५९०.८६ |

| बाँकी मौज्दात | १५,१८,२८,९१०.८९ |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा, ३२.४८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८९८५ जनसंख्या रहेको छ। | |
| २ | | | **लेखापरीक्षण-**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।११।०९ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्। | |
| ३ | | | **वित्तीय प्रतिवेदन-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत | |

भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छ:

| आ.व. :२०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
| | | यस वर्ष रु. | | | गतवर्ष रु. | | |
| विवरण | टिप्पणी | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५२,९७,९१,१३७.९२ | | ५२,९७,९१,१३७.९२ | १,९६,२५,६७९.०९ | | १,९६,२५,६७९.०९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,७१,७०,४१२.५३ | ० | ५२,७१,७०,४१२.५३ | १,१६,४४,६८४.९५ | ० | १,१६,४४,६८४.९५ |
| ११००० कर | ११ | १७,१०,९४,९०८.३७ | ० | १७,१०,९४,९०८.३७ | १०,६२,५९१.५२ | ० | १०,६२,५९१.५२ |
| १३००० अनुदान | | ३५,४७,३४,३३३.०० | ० | ३५,४७,३४,३३३.०० | ० | ० | ० |
| संघीय सरकार | १२ | ३३,६१,९०,३३३.०० | ० | ३३,६१,९०,३३३.०० | ० | ० | ० |
| प्रदेश सरकार | १२ | १,८५,४४,०००.०० | ० | १,८५,४४,०००.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १३,४१,१७१.१६ | ० | १३,४१,१७१.१६ | १,०५,८२,०९३.४३ | ० | १,०५,८२,०९३.४३ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २६,२०,७२५.३९ | | २६,२०,७२५.३९ | ७९,८०,९९४.१४ | | ७९,८०,९९४.१४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४,७५,९००.०० | ० | ४,७५,९००.०० | १३,९४,६००.०० | ० | १३,९४,६००.०० |
| धरौटी | | २१,४४,८२५.३९ | ० | २१,४४,८२५.३९ | ६५,८६,३९४.१४ | ० | ६५,८६,३९४.१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३९,९०,०४,३८५.८४ | | ३९,९०,०४,३८५.८४ | ४४,२३,६६,९७४.१२ | | ४४,२३,६६,९७४.१२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३९,७०,४४,०२२.८८ | | ३९,७०,४४,०२२.८८ | ४३,४१,५९,६८८.२८ | | ४३,४१,५९,६८८.२८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३,७८,११,८६३.५१ | ० | ३,७८,११,८६३.५१ | १३,३१,०१,७७६.७६ | ० | १३,३१,०१,७७६.७६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २५,०६,३७,५६०.५० | ० | २५,०६,३७,५६०.५० | १४,६५,९३,६३३.१७ | ० | १४,६५,९३,६३३.१७ |
| २५००० सहायता (Subsidy) | १८ | ७,६८,९६०.५० | ० | ७,६८,९६०.५० | २०,००,०००.०० | ० | २०,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८,९५,८४४.२५ | ० | ८,९५,८४४.२५ | ४०,२७,३०७.०० | ० | ४०,२७,३०७.०० |
| २८००० अन्य खर्च | १८ | ३१,३७,६८२.०३ | ० | ३१,३७,६८२.०३ | ३,७०,१४,८१०.३५ | ० | ३,७०,१४,८१०.३५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १०,३७,९२,११२.०९ | ० | १०,३७,९२,११२.०९ | ११,१४,२२,१६१.०० | ० | ११,१४,२२,१६१.०० |
| घ. अन्य भूक्तानी | | १९,६०,३६२.९६ | | १९,६०,३६२.९६ | ४४,२३,६६,९७४.१२ | | ४४,२३,६६,९७४.१२ |
| कोषहरु | | ३,२६,८९०.०० | ० | ३,२६,८९०.०० | ६,९७,३००.०० | ० | ६,९७,३००.०० |
| धरौटी | | २२,५४,५४४.४९ | ० | २२,५४,५४४.४९ | ७५,०९,९८५.८४ | ० | ७५,०९,९८५.८४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (६,२१,०७१.५३) | | (६,२१,०७१.५३) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | १३,०७,८६,७५२.०८ | | १३,०७,८६,७५२.०८ | (४२,२७,४१,२९५.०३) | | (४२,२७,४१,२९५.०३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४७,९४,५६९.२६ | | ४७,९४,५६९.२६ | १२,५९,३६,३४५.९६ | | १२,५९,३६,३४५.९६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>१३,५५,८१,३२१.३४</td><td></td><td>१३,५५,८१,३२१.३४</td><td>(२९,६८,०४,९४९.०७)</td><td></td><td>(२९,६८,०४,९४९.०७)</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td>१३,५६,०२,५५८.३४</td><td></td><td>१३,५६,०२,५५८.३४</td><td>८,०९,६४,१२४.८३</td><td></td><td>८,०९,६४,१२४.८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता<br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०२९३७०५७.४९ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.०।— गरिबसँग विशेश्वर कार्यक्रमको रु.४६४०००.० समेत गरी रु.१०३४०१०५७.५९ सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.६५३३३६२०.८७, पुँजीगत खातामा रु.८६६०४१६६.६२, आन्तरिक राजश्व खातामा रु.(७५६१८१४२.२१), राजश्व बाँडफाँड खातामा रु.३७७२०६२.६८ गरी रु.८००९१७०७.९६ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।
<table>
<tr><td>खाता</td><td>स्रेस्ता अनुसार मौज्दात रु.</td><td>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</td><td>फरक रु.</td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>७५२३६७५४.५७</td><td>५७६५०६५३.०८</td><td>१७५८६१०१.४९</td></tr>
</table>
</td><td>१०,१३०,३१६</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ६५३३३६२०.८७ | १७२८१२६०.३४ | ४८०५२३६०.५३ |
| पुँजीगत खर्च खाता | ८६६०४१६६.६२ | २२९७३८२१.९२ | ६३६३०३४४.७ |
| विविध खर्च खाता | ११४९०११. | ३३८३६१५.९ | २२३४६०४.९ |
| प्रकोप व्यवस्थापन खाता | ० | ३७०००. | ३७०००. |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ५८६७३.७६ | ५८६७३.७६ |
| धरौटी मौज्दात | ४७०६०८७.१६ | ७७६१६५३.३७ | ३०५५५६६.२१ |
| ग१.१, आन्तरिक राजस्व खाता | -७५६१८१४२.२१ | ४२२०२६०.३ | ७९८३८४०२.५१ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ३७७२०६२.६८ | ६८०३३८७.२२ | ३०३१३२४.५४ |
| आन्तरिक अनुदान | ७७५६६७. | ३१६५८५८५. | ३०८८२९१८ |
| विविध कोष खाता | ० | ० | ० |
| बैङ्क मौज्दात | १६१९५९२२७.६९ | १५१८२८९१०.८९ | १०१३०३१६.८ |

म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ। भने स्रेस्ताको मौज्दात भन्दा बैक मौज्दात रु.१०१३०३१६.८० घटी देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गर्नुपर्ने रु.....

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **कर दायित्व**<br>पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६२१०७१.५३ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | ६२१,०७१ |
| ८ | | | **चेक साट्न बाँकीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहको एकीकृत वित्तीय विवरण तयार गरी संघ तथा प्रदेशमा पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०७८।७९ को एकीकृत वित्तीय प्रतिवेदनमा चेक साट्न बाँकी रु.८३९२५७.३९ देखाएकोमा सो सम्बन्धमा एकिन हुनुपर्दछ। | |

९

**फरक हिसाव —**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.८८२७४४५६.९९, यस वर्षको प्राप्ति रु.३१५५३२४७.५८ यस वर्षको भुक्तानी रु.१०३५८०११५.०२ र बैङ्क मौज्दात रु.१६२२६३५२.५५ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ४७९४५६९.२६ | ५२९७९११३७.९२ | ३९९००४३८५.८४ | १३५६०२५५८.३४ |
| एकीकृत आर्थिक विवरण अनुसार | ९३०६९०२६.२५ | ५६१३४४३८५.५ | ५०२५८४५००.८६ | १५१८२८९१०.८९ |
| फरक | ८८२७४४५६.९९ | ३१५५३२४७.५८ | १०३५८०११५.०२ | १६२२६३५२.५५ |

१०

**गत विगतको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.४२१४१९६३.० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११

**आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१६०००००.० आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१२

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। तर

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः<br><br>• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु.७२ लाख १२ हजार खर्च गरेको छ।<br><br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br><br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br><br>• दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br><br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br><br>• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br><br>• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत २५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।<br><br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br><br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।<br><br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१७ लाख खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले रू.२ करोड ३३ लाख खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।<br><br>• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।<br><br>• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यान्वयन गरेको पाइएन।<br><br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।<br><br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क ।EMIS अद्यावधिक गरेको छैन।<br><br>• कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १३ | | | **सेवा प्रवाहः**<br>सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। गाउँपालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ।<br><br>¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको,<br><br>¬ गाउँपालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने,<br><br>¬ वडा कार्यालय समेतमा नागरिक वडापत्र नराखेको।<br><br>¬ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजत पत्रको अभिलेख नराखेको।<br><br>¬ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको।<br><br>¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको ।<br><br>¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको। | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको। | |
| १४ | | | **योजना तथा वजेट कार्यान्वयन-**<br>यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः<br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br><br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुंजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु.१० करोड ३७ लाख भएकोमा प्रथम चैमासिकमा रु.१ लाख ४९ हजार, दोश्रो चैमासिकमा रु.२ करोड २४ लाख, तेस्रो चौमासिकमा रु.८ करोड १२ लाख र असार महिनामा मात्रै रु.५ करोड ९८ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ।<br><br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड २० लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन।<br><br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ। | |
| १५ | | | **योजनाको प्राथमिकीरण**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३९६ योजनामा वजेट विनियोजन गरेको छ। | |

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>पालिकास्तरीय</td><td>६८</td><td>०</td><td>२७</td><td>४१</td></tr><tr><td>२</td><td>वडा स्तरीय</td><td>३२८</td><td>३</td><td>१२१</td><td>२०४</td></tr></table>उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २५० योजनामात्र कार्यान्वयन भई १४६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br>स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको नगर उप प्रमुख श्री सलमा खातुन मिति २०७८।३।१० मा रु.५४ करोड ८९ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।७।८ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।७।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४३ वटा र यो बर्ष थप भएको २१ वटा गरी कुल ६४ वटा विवाद दर्ता भएकोमा १२ वटा मात्र फछ्र्यौट भई ५२ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कर्मचारीको स्तर वृद्धि तथा तह मिलान<br>नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवा गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ भने दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) अनुसार स्थानीय सेवाको पदलाई प्रदेश सेवा पद भनि व्याख्या भएको र दफा ९(२)(ख) मा प्रदेश सेवाको पदमा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने उल्लेख छ । पालिकाले विभिन्न मितिमा २ जना कर्मचारीहरुको बढुवा गरेको छ । संघीय सरकारले कर्मचारी व्यवस्थापनका लागि कुनै कानून अहिले सम्म नबनाएकोमा स्थानीय तहले वीरगंज महानगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन, २०७८ निर्माण गरेको तथा प्रदेश लोक सेवा आयोगबाट परामर्श नलिएकोले उक्त बढुवा कानूनसम्मत देखिंदैन । वैज्ञानिक रुपमा संगठन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ। | |
| १९ | | | **बढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ९५०।०७९।३।२३ मा जनप्रतिनिधिहरुलाई जेठ तथा आषाढ महिनाको पदाधिकारी सुविधा भुक्तानी गरेको छ । पालिकामा जनप्रतिनिधिहरु जेठ ९ मा मात्र सपथ ग्रहण गरेको भएतापनि निजहरुलाई जेठ महिनाको पुरै सुविधा भुक्तानी गरेकोले रु. १६७,१००।- बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु. (विस्तृत विवरण अनुसूचीमा छ) | १६७,१०० |
| २० | | | **खाजा भत्ता** | |
| २०.१ | | | मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १०(१) मा नियमित काम बाहेक विशेष कामको लागि दैनिक कम्तिमा दुई घण्टा काम गरेको विद्युतीय हाजिरी लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गरेको हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ९६९।०७९।३।२४ बाट १०० जना कर्मचारीलाई रु. १००० प्रति महिनाको दरले वर्षभरिको रु. ११,९२,०००।- भुक्तानी गरेको छ । कार्यपालिकाले रु. १५०० प्रति महिना तोकेकोमा रु. १००० मात्र भुक्तानी गरेको छ । पालिकामा विद्युतीय हाजिरी नरहेको, विशेष कार्य के हो सोको विवरण पेश नभएको, वर्षभरी विशेष काम हुने औचित्यपूर्ण देखिएन तथा म्यानुअल हाजिरी समेत गरेको छैन । यसरी विशेष कामको विवरण पेश नभएको, वर्षभरी विशेष काम हुने औचित्यपूर्ण नदेखिएको तथा निर्देशिकाको व्यवस्था पालना नगरी खाजा भत्ता भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | १,१९२,००० |
| २०.२ | | | आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कमा १५ प्रतिशत कर कट्टी हुनुपर्ने व्यवस्था छ । उक्त भुक्तानीमा १ प्रतिशत मात्र कर काटेकोले घटी १४ प्रतिशत कर दाखिला हुनुपर्ने रु. (वस्तृत विवरण अनुसूचीमा छ) | १६६,८८० |
| २१ | | | **बढी भुक्तानी** | २१८,२९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ७७५।०७९।२।२७ बाट वडा नं. ६ का निम्न पदाधिकारीहरुलाई भदौ देखि कार्तिक सम्मको छुट सुविधा भनेर रु. २२०,५००।- भुक्तानी गरेको छ । उक्त अवधिको पदाधिकारी सुविधा नियमित रुपमा उपलब्ध गराएकोमा छुट नरहेकोमा छुट वापत दिएको दोहोरो भएकोले असुल हुनुपर्ने रु.<br><br>पद/नाम — रकम कर बाहेक<br>वडा अध्यक्ष सिमानन्द प्रसाद चौहान — ७१२८०<br>वडा सदस्य मदन ठाकुर — २८२१५<br>वडा सदस्य रामायण दास तत्वा — २८२१५<br>वडा सदस्य लालपरी देवी — २८२१५<br>का.सदस्य शान्ती देवी हजाम — ६२३७०<br>जम्मा — २१८२९५ | |
| २२ | | | **तलवी प्रतिवेदन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु. १ करोड ५ लाख २ हजार कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्दछ । | |
| २३ | | | **लघु उद्यम विकास कार्यक्रमः** | |
| २३.१ | | | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाका सीप विकास तालिम (अगरबत्ति, सावुन र सर्फ, बनाउने लगायतका) मा रु.१४८७६००.० खर्च गरेको छ। पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.८३०७००.० भुक्तानी गरेको अनियमित भएको रु... | ८३०,७०० |

<table>
<tr><td>२३.२</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निर्देशिका अनुसार पालिकाबाट रु.२७१९००.० को प्रविधि हस्तान्तरण भएकोमा ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु.५४३८०.० सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु...</td><td>५४,३८०</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>पालिकाले प्रविधि हस्तान्तरण बापत रु.२७१९००.० को अगरबत्ती, सर्फ, साबुन बनाउने सामाग्री लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२३.४</td><td></td><td></td><td>निर्देशिका भन्दा बढी भुक्तानीःनेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७(अर्थ मन्त्रालय) को परिच्छेद ७.१.१५ मा मुख्य प्रशिक्षकलाई प्रशिक्षण भत्ता बापत ३० कार्यदिनसम्म प्रतिदिन (प्रतिदिन न्यूनतम २ कक्षा लिनुपर्ने) रु.७००.० र कार्यपत्र बापत थप रु.८००.० समेत (कार्यपत्र पेश हुनुपर्नेमा पेश नभएको) का दरले भुक्तानी हुनुपर्नेमा देहायका प्रशिक्षकलाई निर्देशिका भन्दा बढी रु.३४०००.० प्रशिक्षण भत्ता भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु....
<table>
<tr><th>लिमको नाम</th><th>प्रशिक्षकको नाम</th><th>तालिम संचालन दिन</th><th>भुक्तानी भएको रकम (करकट्टी बाहेक)</th><th>हुनुपर्ने रकम<br>(करकट्टी बाहेक)</th><th>बढि रकम<br>(करकट्टी बाहेक)</th><th>कैफियत</th></tr>
<tr><td>सर्फ बनाउने तालिम वडा नं ९ र ५</td><td>मुन्ना कुमार यादव</td><td>२० दिन</td><td>४२५००</td><td>२५५००</td><td>१७०००</td><td>दैनिक कति कक्षा लिएको हो नखुलेको कार्यपत्र पेश नभएको</td></tr>
<tr><td>अगरबत्ती बनाउने तालिम वडा नं ९ र ५</td><td>सन्ध्या कुमारी गिरी</td><td>२० दिन</td><td>४२५००</td><td>२५५००</td><td>१७०००</td><td>दैनिक कति कक्षा लिएको हो नखुलेको, कार्य पत्र पेश नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८५०००</td><td>५१०००</td><td>३४०००</td><td></td></tr>
</table>
</td><td>३४,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>अनुगमन भत्ताः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि</td><td>४६,७५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। योजना अनुगमनको भत्ता भुक्तानी भनि भौ.न.३०९-०७९।३।२५ बाट प्र.प्र.अ.अशोक कुमार रौनियारलाई रु.२५५००.० र लेखा प्रमुख मनोज कुमार तिवारीलाई रु.२१२५०.० समेत जम्मा रु.४६७५०.०(करकट्टी बाहेक) भुक्तानी भएकोमा निजहरुले कतिवटा योजनाको अनुगमन गरेका हुन सो खुल्ने प्रमाण स्रेस्तासाथ पेश नभएकोले निजहरुले योजनाको अनुगमन गरेका हुन भन्न सक्ने अवस्था नभएकोले योजना अनुगमन गरेको प्रमाण खुल्ने कागजात पेश गर्नुपर्ने अन्यथा समबन्धितबाट असूल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>विद्युत महशुलमा जरिवाना<br>गाउँपालिकाले विद्युत प्राधिकरणलाई समयमा नै बिलको रकम भूक्तानी गरी छुट लिनु पर्नेमा निम्नानुसारको भुक्तानीमा रु. ३५,६१४।- थप दस्तुर (जरीवाना) खर्च लेखेको अनियमित देखिएको रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>बिल</td><td>जरिवाना</td><td>महिना</td></tr>
<tr><td>२७३।०७८।९।२७</td><td>११९५०८</td><td>२९८७७</td><td>कार्तिक</td></tr>
<tr><td rowspan="2">३२०।०७८।१०।११</td><td>१५०४९</td><td>३७६२</td><td>मंसिर</td></tr>
<tr><td>१४८२८</td><td>१४८३</td><td>पुष</td></tr>
<tr><td>४७२।०७८।११।१२</td><td>४९१५</td><td>४९२</td><td>माघ</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५६१४</td><td></td></tr>
</table></td><td>३५,६१४</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>मू.अ.करमा दर्ता नभएकोसँग खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले रु. २० हजार बढीको खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने व्यावस्था छ । नगरपालिकाले उल्लेखित नियमको पालना नगरी निम्न मू.अ.करमा दर्ता नभएको संस्थाबाट मालसामान खरिद तथा विभिन्न काम वापत वर्षभरीमा गरी रु. १०,५५,१७७।- भुक्तानी गरको छ । उक्त खर्च नियमित नदेखिएको रु.
<table>
<tr><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>शिवनाथ बाबा ट्रेडिङ्ग सप्लायर्स</td><td>१११६६९</td></tr>
<tr><td>क्षीर सागर स्विट्स</td><td>३७९७१८</td></tr>
<tr><td>शांखु एसोसिरिज</td><td>५४३५९</td></tr>
</table></td><td>१,०५५,१७७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>अभिराज ट्रेड एण्ड सप्लायर्स</td><td>२८७६१५</td></tr><tr><td>चौरसिया पुस्तक भण्डार</td><td>२२१८१६</td></tr><tr><td>जम्मा</td><td>१०५५१७७</td></tr></table> | |
| २७ | | | **मसलन्द खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. २० लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । उल्लेखित व्यवस्थाको पालना नगरी कार्यालयका लागि मसलन्द खरिद गर्दा टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ साथै एउटै संस्थाबाट पटक पटक गरी रु. ५ लाख भन्दा बढीको समेत खरिद गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।<br><table><tr><td>भौ.नं./मिति</td><td>फर्म/सप्लायर्स</td><td>रकम</td></tr><tr><td>२०७८।८।१६</td><td>स्वस्तिक प्रेस</td><td>१५८२५७</td></tr><tr><td>१२३।०७८।८।१६</td><td>स्नेहा एण्ड निखिल सप्लायर्स</td><td>१५५७८२</td></tr><tr><td>१५३।०७८।८।१६</td><td>स्नेहा एण्ड निखिल सप्लायर्स</td><td>५८३७६</td></tr><tr><td>१८६।०७८।८।१९</td><td>चौरसिया प्रिन्टिङ्ग प्रेस</td><td>२१८२०३</td></tr><tr><td>१९३।०७८।८।१९</td><td>आयुश्री ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१६२८००</td></tr><tr><td>५२९।०७८।८।३०</td><td>आयुश्री ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१०२६५५</td></tr><tr><td>७२०।०७९।२।६</td><td>स्नेहा एण्ड निखिल सप्लायर्स</td><td>१६७८३३</td></tr><tr><td>७२८।०७९।२।६</td><td>रौनक ट्रेडर्स एण्ड जेनरल स्टोर्स</td><td>९६८६४</td></tr><tr><td>८७६।०७९।३।१८</td><td>समय ट्रेड सप्लायर्स</td><td>४४५०५४</td></tr><tr><td>८७९।०७९।३।२०</td><td>सम्पर्क इन्टरप्राइजेज</td><td>१०२८५५</td></tr><tr><td>९०५।०७९।३।२०</td><td>ऋतुराज सप्लायर्स</td><td>१९१९५३</td></tr></table> | |

| | | | | |
|---|---|---|---|---|
| | | | १०११।०७९।३।२५ \| अभिराज ट्रेडर्स एण्ड सप्लायर्स \| ७५५९४<br>१०२५।०७९।३।२६ \| आयुश्री ट्रेडर्स एण्ड सप्लायर्स \| ५०६७५<br> \| जम्मा \| १९८६९०१ | |
| २८ | | | **करार सेवा**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न २१ पदमा १२३ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा रु. २ करोड ४९ लाख ९७ हजार खर्च लेखेको छ ती कर्मचारीहरु दरबन्दी भित्रकै हो भन्ने पुष्टि हुने आधार पेश भएन । वैज्ञानिक रुपमा संगठन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । लोकसेवा आयोगबाट कर्मचारी माग गरी स्थायी तरिकाबाट पदपुर्ती गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| २९ | | | **कानूनी सल्लाहकार**<br>मधेश प्रदेशअन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार।वकिल राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । नगरपालिकाले कानूनी सल्लाहकारको रुपमा श्री राम नाथ महतोलाई नियुक्त गरी मासिक रु. ३०,५००।- को दरले वर्षभरीमा हुने रु. ३६६,०००।- भुक्तानी गरेको छ । निजले कार्यालयमा हाजिरी गर्ने गरेको छैन साथै कार्य प्रगति तथा विवरण पेश गरेको छैन । यसरी कार्यालयमा हाजिरी नै नगरी नियुक्त गर्न नहुने पदमा कर्मचारी नियुक्त गरी मासिक रुपमा तलब भुक्तानी गरेको तथा कार्य विवरण पेश नभएकोले नियमित नदेखिएको रु. | ३६६,००० |
| ३० | | | **मर्मत सम्भार खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सवारी साधन मर्मत शिर्षकबाट रु. १४ लाख ९९ हजार तथा मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट रु. ६ लाख ९९ हजार समेत रु. २१ लाख ९८ हजार खर्च लेखेकोमा मर्मत आदेश संलग्न नगरी मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। साथै मर्मत अभिलेख समेत राखेको छैन। कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन भने सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई नराखेकोले मर्मत | |

<table>
<tr><td></td><td></td><td></td><td>खर्चको पुष्टी हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. २० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न ३ प्रकारको सफ्टवेयर खरिद लागत अनुमान वेगर निम्न फर्मबाट दररेट माग गरी कुल रु. १३,४३,२७०।- भूक्तानी गरेको छ । उक्त सफ्टवेयर जडान सम्बन्धी खर्चको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः-
<table>
<tr><th>भौ.नं./मिति</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५७।०७८।८।६</td><td>गभर्नेन्स अटोमेसन सोलुसन</td><td>आइपेरोल सफ्टवेयर</td><td>३५००००</td></tr>
<tr><td>५१८।०७८।११।२९</td><td>सिनर्जी आइटी इन्टरप्राइजेज</td><td>विद्यालय व्यवस्थापन सफ्टवेयर</td><td>४९७२००</td></tr>
<tr><td>५६५।०७८।१२।३०</td><td>डेलिकेट टेक्नोलोजी प्रा.लि.</td><td>योजना व्यवस्थापन सफ्टवेयर</td><td>४९६०७०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१३४३२७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । ती सफ्टवेयरहरु नेपाल सरकारबाट मान्यता प्राप्त नरहेको, सफ्टवेयर प्रयोग गर्ने जानकारी सम्बन्धित मन्त्रलायलाई नदिएको, नेपाल सरकार तथा सम्बन्धि मन्त्रालयबाट स्वीकृति नलिएको, सफ्टवेयरहरु कतिको सुरक्षित रहेको सोको विवरण पेश नभएको, कार्यालयमा दाखिला नगरेको साथै हालसम्म विद्यालय व्यवस्थापन सफ्टवेयर तथा योजना व्यवस्थापन सफ्टवेयर प्रयोगमा आएको छैन । ती सफ्टवेयरहरु नेपाल सरकार तथा सम्बन्धित मन्त्रालयबाट प्रयोगको लागि स्वीकृति लिनुपर्ने, सुरक्षाको प्रमाण, लागत अनुमान तयार हुनुपर्ने, दाखिला गर्नुपर्ने तथा पूर्ण रुपमा प्रयोगमा ल्याउनुपर्ने रु.</td><td>१,३४३,२७०</td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>गो.भौ.नं. ५१८।०७८।११।२९ बाट विद्यालय व्यवस्थापन सफ्टवेयर २ थान खरिद वापत सिनर्जी आइटी इन्टरप्राइजेजलाई रु. ४९७,२००।- भुक्तानी गरेको छ । उक्त सफ्टवेयर वेभ वेस्ड रहेको तथा १ थान खरिद गरी युजर मात्र क्रिएट गरी संचालन गर्न</td><td>२४८,६००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सक्ने रहेकोमा रु. २४८,६००।- (भ्याटसहित) दरले २ थान खरिद गर्दा १ थान बढी खरिद भएर पालिकालाई थप व्ययभार पारेको रु.</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>निर्वाचन खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार निर्वाचन तथा मतगणनाका लागि रु. ८६७,३५३।- खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः
<table>
<tr><th>गो.भौ.नं.</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७१३।०७९।२।६</td><td>आईटी प्लाजा</td><td>सिसिटिभि जडान ८ थान</td><td>४९१२११</td></tr>
<tr><td>७१५।०७९।२।६</td><td>राज ब्रदर्श</td><td>तार पोलिन र चटाई</td><td>१४५७७०</td></tr>
<tr><td>७१९।०७९।२।६</td><td>राज ब्रदर्श</td><td>वाटर पम्प जडान २ थान</td><td>१४६७८२</td></tr>
<tr><td>७२४।०७९।२।६</td><td>लाल बहादुर पंडित कुम्हार</td><td>तार जाली, पाइप</td><td>६००४०</td></tr>
<tr><td>७७१।०७९।२।२६</td><td>श्री नारायण महतो</td><td>साउण्ड सर्भिस</td><td>१२०००</td></tr>
<tr><td>७७२।०७९।२।२६</td><td>राम बाली पासवान</td><td>बाँस खरिद</td><td>११५५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८६७३५३</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>गोश्वार भौचर नं. ७१३, ७१५, ७१९ तथा ७२४ बाट जडान गरेको सिसिटिभि ८ थान, तार पोलिन, वाटर पम्प, तारजाली जडान गरेको प्रतिवेदन तथा निर्वाचन सम्पन्न पश्चात ती सामाग्री कसलाई हस्तान्तरण गरेको वा कुन ठाउँमा रहेक प्रमाण पेश नभएकोले ती प्रमाण पेश हुनुपर्ने रु.</td><td>८४३,८०३</td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>गो.भौ.नं. ७१३।०७९।२।६ मा सिसिटीभि जडान वापत आइटी प्लाजालाई रु. ४९१,२११।- भुक्तानी गरेको छ । उक्त सामान खरिदको श्री श्याम बाबा ट्रेड कन्सर्नले भ्याटसहित रु. ४३७,२००।- को कोटेशन पेश गरेको (न्यून) मा आइटी प्लाजासँग भ्याटसहित रु. ४९१,२११।- मा खरिद गरी रु. ५४,०११।- बढी भुक्तानी गरेको छ। पालिकालाई बढी दरमा खरिद गरी बढी भुक्तानी हुने गरी खर्च लेख्नेलाई जिम्मेबार बनाई सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>५४,०११</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>भ्रमण अभिलेख एवं प्रतिबेदन</td><td></td></tr>
</table>

<table>
<tr><td>३३.१</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु. १५ लाख खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै बिल वेगर कर्मचारीहरुलाई फुटकर खर्च भुक्तानी गरेको छ । भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>मधेश प्रदेश सरकारद्वारा जारी भएको स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची ख मा नगरपालिका प्रमुखको रु. २००० तथा उपप्रमुखको रु. १८०० दैनिक भ्रमण भत्ता दर उल्लेख गरेको छ साथै भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण खर्च भुक्तानी गर्दा फर्केको दिनको २५ प्रतिशत मात्र उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भौचरबाट नगर प्रमुख तथा उप प्रमुखलाई दैनिक भ्रमण भत्ता दर भन्दा बढी तथा फर्केको दिनको पुरा भत्ता उपलब्ध गराई निम्नानुसार बढी भुक्तानी गरेको छ। बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>भुक्तानी पाउने</td><td>बढी भुक्तानी</td><td>कैफियत</td></tr>
<tr><td>८६६।०७९।३।१८</td><td>नगर प्रमुख प्रद्युमन प्रसाद चौहान</td><td>१५००</td><td>फर्केको दिनको पुरा भुक्तानी</td></tr>
<tr><td>९९६।०७९।३।२४</td><td>नगर उप प्रमुख सलमा खातुन</td><td>१३०५०</td><td>दै.भ्र.भ. २००० तथा फर्केको दिनको पनि २००० पुरा भुक्तानी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४५५०</td><td></td></tr>
</table></td><td>१४,५५०</td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(१) मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालयभन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले तोकेको दैनिक भत्ता पाउने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार भौचरबाट नगर उपप्रमुख रुवी कुमारी ठाकुरलाई विभिन्न मितिमा भ्रमणमा गएको अवधिमा होटल बासवापत रु. १३५,२६१।- भुक्तानी गरेको छ । भ्रमण अवधिको दैनिक भत्ता पाइ सकेपछि होटल बास सुविधा दिने कानूनी व्यवस्था छैन । यसरी कानूनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराएको रु. १३५,२६१।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>बास खर्च</td></tr>
<tr><td>९२३।०७९।३।२१</td><td>१२२५०</td></tr>
<tr><td>८७६।०७९।३।१८</td><td>६६७७६</td></tr>
</table></td><td>१३५,२६१</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९३८।०७९।३।२२</td><td>५६२३५</td></tr>
<tr><td>जम्मा</td><td>१३५२६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
बैठक भत्ता<br>
मधेश प्रदेश सरकारद्वारा जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यले प्रति महिना बढीमा तीन ओटासम्मको अनुसूची बमोजिमको बैठक भत्ता पाउने व्यवस्था छ । नगरपालिकाले सबै जनप्रतिनिधिहरुलाई ऐनको व्यवस्था अनुसार प्रत्येक महिनाको ३ ओटाको दरले बैठक भत्ता दिदै आइरहेकोमा निम्नानुसार पदाधिकारीहरुलाई बैठक भत्ता उपलब्ध गराएको छ । ऐनको व्यवस्थाभन्दा बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ.नं.</td><td>पद, नाम</td><td>रकम (करबाहेक)</td></tr>
<tr><td rowspan="5">५४२।०७८।१२।८</td><td>नगरप्रमुख दिपनारायण प्रसाद रौनियार</td><td>८९२५</td></tr>
<tr><td>वडा अध्यक्ष १ बंका राउत</td><td>७६५०</td></tr>
<tr><td>वडा अध्यक्ष ४ लक्ष्मण साह कानु</td><td>२५५०</td></tr>
<tr><td>वडा अध्यक्ष ९ राम बाबु प्रसाद चौहान</td><td>६३७५</td></tr>
<tr><td>जि.प्र.का. नारायण प्रसाद आचार्य (भरपाई नरहेको)</td><td>१२७५</td></tr>
<tr><td>६३५।०७९।१।१५</td><td>सोनालाल प्रसाद गोढ</td><td>४७७५</td></tr>
<tr><td>१०२३।०७९।३।२५</td><td>उप प्रमुख सलमा खातुन</td><td>६८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८३५०</td></tr>
</table>
</td><td>३८,३५०</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
विविध खर्च<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. ३९ लाख ५ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ । उदाहरणहरु
<table>
<tr><td>गो.भौ.नं.।मिति</td><td>भूक्तानी पाउने</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>८७।०७८।८।१५</td><td>महालक्ष्मी होटल एण्ड सेकुवा कर्नर</td><td>१४६९००</td></tr><tr><td>३०१।०७८।१०।९</td><td>महालक्ष्मी होटल एण्ड सेकुवा कर्नर</td><td>१७४५५७</td></tr><tr><td>७३३।०७९।२।१२</td><td>महालक्ष्मी होटल एण्ड सेकुवा कर्नर</td><td>१४६६७४</td></tr><tr><td>७६७।०७९।२।२४</td><td>क्षीर सागर स्वीट्स</td><td>२४००००</td></tr><tr><td>८६५।०७९।३।१७</td><td>अन्नपूर्ण होटल</td><td>९१५१८</td></tr><tr><td></td><td></td><td></td></tr></table> | |
| ३६ | | | **इन्धन खर्चको मापदण्ड**<br>नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु. ३२ लाख ६८ हजार इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार नगरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन साथै सवारी साधनको विवरण लेखापरीक्षणको क्रममा पेश भएन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३७ | | | **विल भरपाई नपुगेको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । यस पोखरीया अस्पताल तर्फ निम्नानुसार रकमको विल भरपाई पेश नभएकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा सो रकम असुल उपर हुनुपर्दछ ।<table><tr><td>गो.भौ.नं.</td><td>कार्यक्रमको नाम</td><td>भुक्तानी</td><td>रकम</td><td>कैफियत</td></tr><tr><td>११/२०७८।८।१३</td><td>दैनिक भ्रमण भत्ता</td><td>बृजेश कुमार यादव</td><td>११०००</td><td>नेपाल सरकारतर्फ तलव भत्ता भुक्तानी कार्यक्रमतर्फ</td></tr><tr><td>८/२०७८।११।२०</td><td>अन्य भत्ता</td><td></td><td>२१४९६</td><td>आमा सुरक्षा कार्यक्रम तर्फ</td></tr></table> | ३२,४९६ |
| ३८ | | | **पारीश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका | १०४,४३६ |

कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु.

| सि.न | नाम पद | करयोग्य आय | असुरल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | मोताव अंसारी (मे.अ) | ९१६४५५।४८ | १०४४३६ |

३९

**गैर सरकारी संस्था मार्फत खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन।

४०

**सामाजिक सुरक्षा कार्यक्रम**

**सामाजिक सुरक्षा कार्यक्रमः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ पालिकाको वर्षभरीको बैंक मार्फत लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न जम्मा रु १०३५४८५८५ निकासा दिएको छ। यस आ.व.मा नयाँ थप ४०० र ११० कायम लाभग्राही संख्या २८४६ जना रहेको पाईयो। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

<table>
<tr><td>४०.१</td><td></td><td></td><td>पारदर्शिताः- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन।</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>अनुगमन तथा सुपरिवेक्षणः- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि 2075 को दफा 25 मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-13 बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। कार्यालयले त्यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>दोहोरो भुक्तानीः सामाजिक सुरक्षा तथा संरक्षण भत्ता पाउने लाभग्राहिको विवरण परीक्षण गर्दा देहायवमोजिमको लाभग्राहिको नाम, नागरिकता नम्बर, वुवाआमाको नाम लगायत अन्य विवरण एउटै भएको र सम्वन्धित व्यक्तिको वैंक खातामा दोहोरो भुक्तानी भएको देखिन्छ । यस गाउँपालिकाले लाभग्राहिको विवरण परीक्षण सो को एकिन गरि भुक्तानी भएको रकम रु ६३८४०को दोहोरो भुक्तानी भएको रकम रु ३१९२० असुल गरी सघीय संचित कोषमा दाखिला भएको हुनुपर्दछ ।
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>मेम्वर नंवर</th><th>नागरिकता नं</th><th>भुक्तानी रकम</th><th>किस्ता</th><th>जम्मा भुक्तानी</th></tr>
<tr><td>Shivapati Devi Chamain</td><td>२.०१६१२E+१२</td><td>९४२५५३</td><td>७९८०</td><td>सवै किस्ता</td><td>३१९२०</td></tr>
<tr><td>Sivapati Devi Chamain</td><td>२.०१६१२E+१२</td><td>९४२५५३</td><td>७९८०</td><td>सवै किस्ता</td><td>३१९२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>६३८४०</td></tr>
</table></td><td>३१,९२०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>इलेक्ट्रोनिक सामान खरिद</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने तथा नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु. ५ लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने</td><td>२,२३९,०६७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । उल्लेखित व्यवस्थाको पालना नगरी कार्यालयका लागि मसलन्द खरिद गर्दा टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ साथै एउटै संस्थाबाट पटक पटक गरी रु. ५ लाख भन्दा बढीको समेत खरिद गरेको छ । यसरी कानूनी व्यवस्था पालना नगरी खरिद कार्य गरेको नियमित नदेखिएको रु. (विस्तृत विवरण अनुसूचीमा छ) | |
| ४१.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै पनि भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वर्षभरीमा मोबाइल खरिद वापत रु. ९७२,७६७।- खर्च गरेको छ । सामान्यतया व्यक्तिगत प्रयोजनमा प्रयोग हुने यस्तो सामानको खरिदमा नियन्त्रण हुनुपर्दछ। | |
| ४२ | | | **कोटेशन मार्फल टुक्रे खरिद**<br>सार्वजनिक खरिद ऐन. २०७३ को दफा ५ मा सार्वजनिक निकायले १ लाख भन्दा वढिको खरिद कार्य गर्दा टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यवस्था छ । यस गाँउपालिकाल् निम्नानुसार ८७ वटा टुक्रे कार्यक्रम जम्मा रु ३ करोड ६५ लाख ५८ हजार ५७३ को कोटेशनको माध्यमवाट खरिद गरेको छ । कामको प्रकृति मिल्ने कार्यहरुमा प्रतिस्पर्धा कायम हुने गरी कार्यको एकीकृत प्याकेज तयार गरी सिलबन्दि दरभाउपत्र वा वोलपत्रको माध्यमवाट खरिद गर्दा मितव्ययिता र प्रतिस्पर्धा कायम गर्न सकिने स्थिति रहदा रहदै पटक पटक टुक्रा खरिद गरेकोले यस्तो क्रियाकलाप नियन्त्रण हुनुपर्दछ । | |
| ४३ | | | **अमानत**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ (१) वमोजिम सामान्य प्रकृतिको मर्मत संभार सानातिना नियमित कार्य वा सरसफाई कार्य अमानतवाट गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ९८ (१) अनुसार सार्वजनिक निकायले अमानतवाट कार्य गराउन एकतहमाथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्नेछ भन्ने व्यवस्था छ । यस कार्यलयवाट ४८ वटा ट्रका गरी पटक पटक एकै जना व्यत्तिलाई समेत गरी रु ४२ लाख ६५ हजार २९५ को विभिन्न सडक निर्माण सरसफाईको कार्य अमानतवाट गराएको छ । अमानतवाट टुक्रे योजना कार्यान्वयन गर्दा प्रतिस्पर्धा वञ्चित भई मितव्ययितामा असर परेको छ । स-साना टुक्रे योजना कार्यान्वयनले पालिकाले गरेको पूँजिगत खर्चको सार्थकता सिद्ब गर्न नसकिने भएको र यसरी अमानतवाट कार्य गराउदा अधिकार प्राप्त अधिकारीले एकतहमाथिको स्वीकृती नलिई कार्य गरेकोले अमानतवाट टुक्रे आयोजना कार्यान्वयनमा संलग्न अधिकारी जवाफदेहि हुनुपर्ने र यसरी गरको खर्च अनियमित भएको रु | ४,२६५,२९५ |
| ४४ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिन्सी मालसमान कार्यालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मूल्य समेत खुलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पत्ति तथा जिन्सी किताबमा सातदिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । जिन्सी मालसमान कार्यालय प्रमुखको रेखदेखमा भण्डार प्रमुखले जिम्मा लिनुपर्ने, मूल्य नखुलेको सम्पत्ति कार्यालय प्रमुखबाट मूल्य कायम गरी श्रेस्ता राख्नुपर्ने, नियम ९९ मा जिन्सी मालसामानको निरिक्षण गर्नुपर्ने, नियम १०१ मा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने लगायतका जिन्सी श्रेस्ता सम्बन्धी व्यवस्था छ। जिन्सी श्रेस्ता व्यवस्थित गर्न मलेप फारम नम्बर ४०१ देखी ४१८ सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ। २०७७।७८ देखि अनिवार्य उक्त प्रणालीमा जिन्सी अभिलेख राख्नु पर्दछ। त्यस कार्यालयले PAMS लागू गरेतापनि गत वर्षसम्मको अल्या जिम्मेवारी नसारेको, यो वर्ष खरिद भएको सबै सामाग्रीको जिन्सी दाखिला नगरेको, यो वर्ष खर्च भएका जिन्सी मौज्दातबाट पूर्ण रुपले नघटाएको, जिन्सीको व्यवस्थित अभिलेख नराखेको, खरिद भएका खर्च हुने प्रकृतिका सामान समेत माग फारमबाट खर्च घटाउने गरेको, जिन्सी निरीक्षण नगरेको, जिन्सीको वार्षिक विवरण तयार नगरेको स्थिति भएकोले जिन्सी सम्बन्धमा नगरपालिका स्थापना भएदेखि कै सामान खरिदको विवरण सम्बन्धमा छानबिन गरी के कति सामान खरिद भएको छ, ती सामान कहाँ के कस्तो अवस्थामा के-कस्को जिम्मामा रहेको छ यकिन गर्नुपर्ने स्थिति देखिएको छ। यससम्बन्धमा कार्यालय प्रमुखले उचित ध्यान दिएको देखिएन। अतः जिन्सी सामान सम्बन्धमा नगरपालिका स्थापना भएकै अवधि देखि कै खरिद सम्बन्धी विवरण तयार गरी PAMS ENTRY गरी सम्पत्ति तथा मालसामान संरक्षण हुनुपर्दछ । | |
| ४५ | | | **हस्तान्तरण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा वील, भरपाई र प्रमाण कागजातको आधारमा सरकारी रकमको खर्च लेख्ने व्यवस्था छ । वडां नं. २ मार्फत विद्यालयमा वुझाउने गरी १० थान पंखा वापत सुर्या एण्ड गंगा सप्लायर्सलाई रु ४७८५५ भुक्तानी भएकोमा सम्वन्धित विद्यालयहरुमा हस्तान्तरण गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु | ४७,८५५ |
| ४६ | | | **प्रयोजन वेगर खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली, २०७७ को नियम ३९ अनुसार भरपाई र प्रमाण कागजातको आधारमा सरकारी खर्च लेख्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत २५५/२०७९।३।२५ मा कारण र प्रयोजना बेगर साडि र सुट वापत १ लाख ५५ हजार ८८२ खर्च लेखेकोले उक्त सामानको प्रयोग गर्ने पदाधिकारी पहिचान गरि असुल गर्नुपर्ने रु | १५५,८८२ |
| ४७ | | | **चापाकल जडान**<br>विभिन्न भौ.न मितिमा चापाकल खरिद जडान वापत रु ५९ लाख ३२ हजार भुक्तानी भएकोमा विपन्न वर्ग पहिचान गरी चापाकल खरिदमो आवस्यकता पहिचान नभएको, चापाकल तोकिएको गुणस्तर र स्पेसिफिकेसन भए नभएको गुणस्तर प्रतिवेदन नभएको, चापाकल | |

<table>
<tr><td></td><td></td><td></td><td>जडान गर्न जि.पि.एस लोकेट गरी सो को आधारमा जडान गरी फोटोसहितको चापाकल जडान सहिको भरपाई पेश नभएको चापाकल वितरण गर्न संघीय, प्रदेश र स्थानिय तहवाटै प्रत्येक वर्ष कार्यक्रम रहने भएकोले कार्यक्रममा दोहोरो भएको छैन भन्ने आधार पेश नभएकोले जि.पि.एस सेट गरेर कार्यालयवाट प्रत्येक वर्ष खरिद जडान भएको स्पष्ट खुल्ने निस्सा प्रमाण कायम गरी खरिद गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>वडा/योजना</th><th>इकाई (थानमा)</th><th>रकम</th></tr>
<tr><td>१९९/२०७९।३।२०</td><td>पालका भर</td><td>९४</td><td>१४०३९७८।७१</td></tr>
<tr><td>२०४/२०७९।३।२०</td><td></td><td>१२७</td><td>१९०६८०९।९५</td></tr>
<tr><td>१९९/२०७९।३।२०</td><td></td><td>९४</td><td>१४०३९८।७१</td></tr>
<tr><td>१२८/२०७९।१।२७</td><td>वडां न ३</td><td></td><td>७३४७४२</td></tr>
<tr><td>१८९/२०७९।१।२७</td><td>वडां न ५</td><td></td><td>१८०२९३।८६</td></tr>
<tr><td>१८९/२०७९।३।१८</td><td>वडां न २</td><td>१०४</td><td>१५६५५५७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>दररेट फरक पारी भुक्तानी<br>कार्यालयले सडक निर्माण, ढलान लगायत कार्यक्रम गर्दा सडक विभागले तय गरेको नर्मशको आधारमा दर विश्लेषण गरी स्रोत साधनको दुरी समेतको आधारमा खरिद दर कायम गरी कार्य सम्पादन गर्नुपर्नेमा PCC for RCC (M15, 1:2:4) मा उपभोक्ता तर्फको दर सडक विभागको नर्मश अनुसार ९८४० हुनेमा १०८३२ को दरमा भुक्तानी हुँदा प्रति घ.मी ९९२ को ५१० घ.मी को दरले हुने रु ५०५९२० र उपभोत्ता तर्फ प्रति घ.मी. १०५०० को दरमा हुनेमा ११११९ को दरमा VAT समेत प्रति. घ.मी ६९९.४७ को दरले ५१९.०२ घ.मी. को ३६३०३८ समेत वढि व्ययभार हुने गरी खरिद कार्य गरेकोले सडक विभागको नर्मशको आधारमा खरिद गर्नुपर्ने देखिएको रु</td><td>१,३५३,०२२</td></tr>
<tr><td>४९</td><td>187</td><td>२०७९-३-१८</td><td>चापाकल भरपाई<br>माला ट्रेड एण्ड सप्लयार्सलाई वडा नं २ मा खानेपानि चापाकल जडान गर्न रु १५ लाख ६५ हजार ५५७ भुक्तानी भएकोमा १०४ थानको मात्रै नागरिकता सहितको प्रमाण पेश भएकोले वाँकी ७० जनाको जडान सामाग्री सहितको फोटो प्रमाण र वडाको सिपारिस पेश गर्नुपर्ने रु</td><td>१,०५३,७४०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>शीर्षक फरक<br>नेपाल सरकार निर्धारित खर्चको व्याख्या र वर्गिकरण अनुसार खर्च गर्नुपर्नेमा चालु प्रकृतिको खर्चलाई नियमितमा कायम गरी</td><td>१००,३७२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | भौ.नं.५३,५२ र ६७ वाट विभिन्न कार्यालय सामान र मर्मत गर्दा भुक्तानी भएको रकम नियमित सम्मत नदेखिएको रु | |
| ५१ | | | **सामाजिक परीक्षण, सुनुवाई र जाँचपास**<br>सार्वजनिक खरिद नियमावली, २०७४ को निमय ९७ वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायवाट कार्य गराउदा नियम ९७(६) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको प्राविधिक मुल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समिति वा समुदायको वैठकमा पेश गर्न लगाई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ९७(७) वमोजिम उपभोक्ता समितिले प्रत्येक किस्ताको खर्चको सुचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफुले गरेको कामको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । नियम ९७ (११) वमोजिम निर्माण कार्य सम्पन्न भएपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिकवाट त्यस्तो कार्यको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्च विवरण सहित सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । यस कार्यलयले उपभोक्ता समितिवाट गराएका अधिकाँस कार्यहरुमा ति प्रावधानको पालना भएको देखिएको छैन । यी मध्ये केहि उदाहरणहरु निम्नानुसार रहेका छन् । | |

| भौ.नं./मिति | कार्यक्रम/योजना | रकम | कार्य |
|---|---|---|---|
| ३७/२०७८।१०।०७ | अधुरो वडा भवन निर्माण समपुरक | ७५५१९३ | उ.स |
| ३१/२०७८।९।१० | अपुरो धर्मशाला निर्माण उ.स | ८०९३४६ | उ.स |
| ४६/२०७८।१०।१० | अधुरो नाला निर्माण उ.स | ७६५१०८ | उ.स |
| ४९/२०७८।१०।१२ | अधुरो नाला र सडक ढलान उ.स | ११९२३७३ | उ.स |
| ७२/२०७८।११।२६ | सुर्यमन्दिर निर्माण उ.स.पो.न.१ | ३२६८३९ | उ.स |
| १७८/२०७९।३।९ | आदित्य सप्लायर्स आदिस कन्सट्रक्सन (घरमिनको घरदेखि भगतको घर सम्म वडा.न ५) | ४२६११० | नि.व्य |
| १७३/२०७९।३।१८ | वडा नं. ८ मा माटो ग्राबेल गर्ने कार्य | ३४२०३१ | |
| १७४/२०७९।३।१८ | कवरवर्तिमाई मन्दिर मर्मत वडा नं २ | १९२४७८ | |
| १८०/२०७९।३।२३ | पकिक नाला निर्माण उ.स पो.न.पा १ | ११८६६३०।१९ | |
| २०४/२०७९।३।२३ | नन्दनि कन्सट्रक्सन – पक्किनाला तथा ढलान नगरेश्वर राउतको घर देखि अर्जुन गिरीको घर सम्म वडा.नं १ | ४८१६४५।४५ | कोटेसन |
| २०९/२०७९।३।२३ | नाला निर्माण उ.स पोखरीया न.पा ९ | ५९९७७३।४५ | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **वढि मु.अ.कर** | १८६,२७९ |

<table>
<tr><td></td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मु.अ.करको कारोवारकव आधारमा मात्रे मुल्य अभिवृद्धि कर दिन मिल्दछ । निम्न भौ.नं. मितिमा विभिन्न योजनामा दर विश्लेषण मै मु.अ.कर शमावेश गरी संझौता भएकोमा उपभोक्ताले पेश गरेको मु.अ.कर वीजक भुक्तानी भएको भन्दा कम भएकोले उक्त रकम असुल गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>भुक्तानी रकम</th><th>विजक रकम</th><th>वढि रकम</th></tr>
<tr><td>७१/२०७८।११।२६</td><td>पक्किनाला निर्माण उ.स पो.न.पा</td><td>२५३८०२</td><td>१६७२२(डण्डिको मात्रै)</td><td>१६६७१७</td></tr>
<tr><td>२९/२०७८।९।१२</td><td>पक्किनाला बिनोद गिरी घरदेखि कचहरी सम्म पोखरिया न.पा १ वन कटना</td><td>१२३२१३</td><td>१०३०००</td><td>१९५६२</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>राजस्व क्षमता<br>अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को अनुसुचि ३ मा स्थानिय तहले सम्पत्ति कर, व्यवसाय कर लगायतका ८ वटा कर र सेवा शुल्क, पर्यटन शुल्क, जरीवाना गैर कर लगाउन सक्ने राजस्व अधिकारको व्यवस्था गरेको छ । यस गाँउपालिकाले सम्पत्ति कर, व्यवसाय कर लगायत आफ्नो क्षेत्राधिकार भित्र पर्ने करलाई आयको दायरामा ल्याउन सकेको देखिंदैन । त्यसैगरी यस पालिका भित्र रहेका वसन्तपुर पोखरी, वडा नं १०, १, ३ मा रहेका सार्वजनिक पोखरी को समेत आय ठेक्कामा नलागेको अवस्था छ । यसर्थ पालिकामा रहेका करदाताको सम्पत्ति, व्यवसायको विवरण संकल गरी करको दायरामा ल्याउन आवस्यक व्यवस्था, सम्वद्ध पक्षसंग समन्वय सहकार्य गर्नुपर्दछ, पोखरीको लगायत अन्य आयका सम्भावनाको पूर्ण परिचालन गर्दै गुणस्तरीय र प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक पर्ने स्रोत जुटाउन पालिकाले राजस्वको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>एम्वुलेन्स वाट प्राप्त आयको असुल गर्न वाकि<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ बमोजिम पालिकामा संकलित आय दैनिक रुपमा तथा त्यसको भोलिपल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै यसै नियमको उपनियम (६) अनुसार कार्यालयमा नगद वा बैंक भौचरका रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । यस पोखरीया अस्पतालको एम्वुलेन्स वाट प्राप्त आय श्री राम विद्या शाह कानु वाट रु ३१९६३० र जनादेन गिरी वाट रु २२६५६५ सम्वन्धित आम्दानी खातामा दाखिला गर्न वाकी रहेकोले निज कर्मचारी वाट असुल उपर हुनुपर्ने रु</td><td>५४६,१९५</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>असुलु गर्न वाकी आन्तरिक आय<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय असुली गर्ने अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लयारउने र आय ठेक्काको बक्यौता रकम समेत असुल गर्ने व्यवस्था छ । यस नगरपालिकाको वडा नं. ७ ठुले पोखरी (वडा भवन पछाडी) आ.व २०७५/७६ देखि ठेक्कामा लागेको पोखरीको श्री सत्य नारायण साह तेलि वडा नं.७ वाट आ.व २०७८/८९ सम्म</td><td>३२०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बुझाई सक्नुपर्ने रु ३२०००० बाकी रहेको देखिन्छ । उठ्नुपर्ने आन्तरिक आयको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्न पर्ने र सोहि अनुसार आयको लेखाङ्कन गरी उल्लेखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु | |
| ५६ | | | **गाउँघर क्लिनिक कार्यक्रमः**<br>स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन-२०७८ मा मातृ तथा नवशिशु कार्यक्रमअन्तरगत मासिक रुपमा गाउँघर क्लिनिक र नियमित खोप संचालन कार्यक्रममा स्वास्थ्यकर्मीहरु मासिक न्यूनतम १५ दिन फिल्डमा गएर कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। सो कार्यबापत १४ जना स्वास्थ्यकर्मीलाई मासिक भत्ताबापत रु.१८३०००.० भुक्तानी दिएकोमा निजहरुले फिल्डमा गएर कार्य गरेको फिल्ड हाजिरी पेश नभएकोले कति दिन फिल्डमा गएर काम गरेको नखुलेकोले फिल्ड हाजिरी पेश हुनुपर्ने रु..... | १८३,००० |
| ५७ | | | **न्यानो झोला कार्यक्रम-**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका १ वटा बर्थिङ सेन्टरमा गत वर्ष ९५३ थानको रु.८११००३.० र यस वर्ष १५२८ थान को रु.१३००३२८.० खरिद गरेकोमा गत वर्ष १०७३ जना र यस वर्ष ९७२ जना र गरी २०४५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ४३६ थान न्यानो झोला मौज्दातमा रहेका छन्। जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **गत आ.व.को भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार स्थानिय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले आन्तिरक लेखापरीक्षण गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्दछ। भुक्तानी बाँकीको विवरण नराखी (आ.ले.प. प्रमाणित नभएको) भौ.न.२९५-०७९/३/२३ बाट रु.९९९९९९.० र भौ.न.३०२-०७९।३।२४ बाट | १,५८६,६७० |

| | | | | |
|---|---|---|---|---|
| | | | रु.५८६६७१.० समेत रु.१५८६६७०.० गत आ.व.०७७।७८ को वैशाख र जेष्ठ महिनामा आईसोलेशनमा काम गरेको भनि अस्पतालमा कार्यरत ५८ जना र पालिका कार्यरत ५ जना कर्मचारी समेत ६३ जनालाई भुक्तानी गरेकोले भुक्तानी बाँकी सम्बन्धमा एकीन गर्नुपर्ने रु.... | |
| ५९ | | | **तलवी प्रतिवेदनः**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख२ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अर्न्तगत स्वास्थ्यतर्फ कार्यरत ७५ जना कर्मचारीका लागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु.३५३९९०००.० भुक्ता दिएको छ। तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ। | |
| ६० | | | **भ्रमण खर्चः**<br>पालिकाको आर्युवेद शाखाका प्रमुख डा. रविन्द्र कुमार यादवले विन्दावासीनी गा.पा.पर्सामा अन्तरवार्ता प्रतिनिधि भई गएबापत भौ.न.३५ बाट रु.३७५०.० र जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र बारामा अन्तरबार्ता प्रतिनिधि भई गएबापत भौ.न.८५ बाट रु.१२०००.० समेत रु.१५७५०.० दैनिक भ्रमण खर्च लिएकोमा उक्त रकम सम्बन्धित पालिका तथा कार्यलयबाट भुक्तानी हुनुपर्नेमा पालिकाबाट भुक्तानी भएकोले भुक्तानी गर्नेलाई जिम्मेवार बनाई निज डा. रविन्द्र कुमार यादवबाट असूल गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु... | १५,७५० |
| ६१ | | | **समायोजन ग्रेड-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका स्वास्थ्य तर्फका ज.स्वा.नि. शिव कुमार पटेललाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड बापत मासिक रु.२५३४.० (सञ्चयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु.. | ३२,९४२ |
| ६२ | | | **औषधि खरिद** | ४२,१३४ |

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरीभण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी केवलेश्वर मेडि सेल्स कागेश्वरी मनोहरालाई रु.१४९८१५.० र हेल्पिङ्ग मल्टि पर्पोज प्रा.लि.काठमाडौलाई रु.१४५३९१६.०समेत रु.१६०३७३१.० भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन:

बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायका सप्लार्यससँग निम्नानुसार औषधि खरिद गर्दा सप्लार्यसले पेश गरेको दररेट भन्दा बढी रकमको विल पेश गरि बढी भुक्तानी गरेको रु.४२१३४.० सम्बन्धित सप्लार्यसबाट असूल गरि संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु....

| सप्लार्यस | औषधी | थान | दररेट अनुसार | विलमा भएको रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| केबलेश्वर मेडि सेल्स कागेश्वरी | IV set | ६५ | ६५ | ७९.१ | ३६७ |
| | IV canulla different size | ४५ | ४५ | ११३ | २७९७ |
| | | | | जम्मा | ३१६४ |
| हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. काठमाडौ | Clotrimazole 1% w/w tube | १००० | ४५ | ६७.५ | २२५०० |
| | Clovacilin 250 mg cap | १००० | ४.५ | ७.०२ | २५२० |
| | Providine Iodine 5% | ६० | २४७.५ | ३६० | ६७५० |
| | Cotrimoxazole 480 mg | १००० | २.७ | ३.४२ | ७२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जम्मा | ३८९७० |
| | | | | कुल जम्मा | ४२१३४ |

६३

**निःशुल्क पाठ्यपुस्तकः-**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका २४ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.३२३३६९२.० जेष्ठ महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरि बाँकी २५ प्रतिशत रकम रु.७१३३०६.० निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.३९४६९९८.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

बढी निकासाः पालिकाले देहायका विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक को अनुदान रकम शतप्रतिशत भन्दा बढी रु.४५४३१.० निकासा भएकोले निकासा गर्नेलाई जिम्मेवार बनाई सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा भएको रकम | निकासा (१००% ) हुनुपर्ने रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | श्री ने.रा.प्रा.वि. विद्यालय वैरिया | १११३८८ | १०७९६६ | ३४२२ |
| २ | श्री ने.रा.प्रा.वि. गोविन्दपुर पर्सा | ७६८४४ | ९५६८३ | १८८३९ |
| ३ | श्री जि.उच्चाङ्गल रामदेव कलवार मा.वि. | १४८०४३० | १४५७२६० | २३१७० |
| | | | जम्मा | ४५४३१ |

४५,४३१

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **साक्षरता घोषणा कार्यक्रमः**<br>**साक्षरता घोषणा कार्यक्रमः** पालिका साक्षरता घोषणा कार्यक्रमको लागि रु.७०००००.० विनियोजन भएकोमा भौ.न.२९६-०७९।३।२४ बाट साक्षरता घोषणा अवधारणापत्र-२०७८ छपाई बापत लुना क्रियशन प्रा.लि. काठमाडौलाई रु.४९२९६२.० भुक्तानी दिएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः<br>कार्यक्रम संचालन नगरि खर्चः कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को क्रियाकलाप नं ६.९ मा साझेदारीमा आधारित साक्षर नेपाल अभियान सञ्चालन अन्तरगत आ.व.२०७७।७९ मा नेपाललाई साक्षर घोषणा गर्ने नीति अनुरुप साक्षर घोषणा हुन बाँकी जिल्लाका स्थानीय तहले साक्षर घोषणा गर्नको लागि लागत साझेदारी हुने गरी बजेट सहितको कार्ययोजना निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गर्ने र साक्षरता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको र निरक्षर जनसंख्या पहिचान, पूर्व तयारी कक्षा संचालन सामाग्रीहरुको व्यवस्थापन लगायत कार्य गरी २०७८ चैत्र मसान्तभित्र स्थानीय तहले साक्षरता घोषणा गर्ने व्यवस्था रहेको छ। पालिकाले लागत साझेदारी हुने गरी बजेट सहितको कार्ययोजना निर्माण नगरेको र साक्षरता व्यवस्थापन लगायत कार्य समेत नगरेको तथा हालसम्म साक्षरता घोषणा गरेको पाईएन। तर पालिकाले भौ.न.२९६-०७९।३।२४ बाट ५००० थान साक्षरता अवधारणापत्र-२०७८ छपाई बापत लुना क्रियशन प्रा.लि. काठमाडौलाई रु.४९२९६२.० भुक्तानी दिएको छ। उक्त अवधारणापत्र हालसम्म स्टोमा मौज्दात रहेको देखियो। लागत साझेदारी बजेट सहितको कार्ययोजना तथा बजेट तयार नगरि तथा कार्यक्रम सञ्चालन नै नगरि बजेट फ्रिज हुन नदिने मनसायले खर्च गरेको देखिएकोले खर्च गर्ने तथा भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम सम्बन्धितबाट असूल गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु... | ४९२,९६२ |
| ६५ | | | **शिक्षक सहयोग अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८।७९ को क्रियाकलाप २.७.१३.४० मा माध्यमिक तह कक्षा(६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक सहयोग अनुदान अन्तरगत बजेटको परिधि भित्र रही शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम २ शिक्षक बराबरको अनुदान नियमानुसार शिक्षक भर्ना भए पछि उपलब्ध गराउने व्यवस्था रहेको छ। तर पालिकाले शिक्षक भर्ना नभएका देहायका विद्यालयमा शिक्षक सहयोग अनुदान बापत रु.१०१५०००.० निकासा दिएकोले उक्त रकम निकासा दिने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई सम्बधित विद्यालयबाट असूल।फिर्ता गरि संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.. | १,०१५,२०० |

| क.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | ने.रा.आ.वि. जगतपुर | ३३८४०० |
| २ | ने.रा.आ.वि. श्रीसिया | ३३८४०० |
| ३ | ने.शशिधर कृष्ण आ.वि. बनकटवा | ३३८४०० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>१०१५०००</td></tr></table> | |
| ६६ | | | **शिक्षक तलबः-**<br>यस पालिका अन्तर्गत रहेका २४ वटा विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता रु.५५६०३२३९.० निकासा गरेको छ। शिक्षक कर्मचारीलाई तलव भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो। यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको दरबन्दी तेरिज, शिक्षक अवकास, सरुवा र मृत्यूको विवरण प्राप्त हुन सकेन। जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्यूको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ। | |
| ६७ | | | **शिक्षकको अभिलेखः-**<br>शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन। | |
| ६८ | | | **विद्यालयमा शैक्षिक गुणस्तर प्रोत्साहन अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को क्रियाकलाप ९.१० मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत नमुना विद्यालय विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्र.अ.र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले भौ.न.१५३-०७९।१।१५ बाट जि.उ.मा.वि.लाई रु.२०००००.० अनुदान निकासा दिएकोमा पालिका र विद्यालयबिच कार्यसम्पादन करार सम्झौता गरेको देखिएन। कार्यसम्पादन करार वेगर अनुदान | २००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | दिएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु.... | |
| ६९ | | | **स्यानिटरी प्याड-**<br>स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले अनिल कुमार सप्लार्यस पर्साबाट १७११६ थान स्यानिटरी प्याड रु.११०२४४१.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । | |
| ७० | | | **नेट जडानः**<br>पालिका अन्तर्गतका २२ विद्यालयहरुलाई निःशुल्क नेट जडान कार्यको लागि प्रति विद्यालय रु.१२०००.० का दरले रु.२६४०००.० निकासा दिएको देखियो। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा विद्यालयले नेट संचालन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। तर सो सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयमा अनुगमन गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ। | |
| ७१ | | | **छात्रावृत्ति अनुदान-**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१.मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.१५७०४००.० निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ। | |
| ७२ | | | **अनुगमन प्रतिवेदनः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को क्रियाकलाप ९.१२ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान बापत प्रस्तावना पेश गरेको आधारमा अनुदान निकासा दिने र सोही प्रस्तावना अनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन पालिकाले गर्ने व्यवस्था रहेको छ। भौ.न.१०६-०७८।११।२३ बाट जिल्ला उच्चाङ्गल रामदेव कलवार मा.वि.पोखरियालाई रु.३००००००.० निकासा | ३,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | दिएकोमा प्रस्तावना पेश भए अनुसारको कार्यसम्पादन गरे नगरेको पालिकाले अनुगमन नगरेकोले पालिकाले नियमित अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने रु....... | |
| ७३ | | | **विद्यालयगत निकासा खाताः**<br>विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ। | |
| ७४ | | | **दिवाखाजाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ७ मा उल्लेख गरे अनुसार दिवाखाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवाखाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन गरी निकासादिनेउल्लेखछ। पालिकाले२४ वटा विद्यालयलाई १३७ दिनको लागि रु.९६५४२०७.० निकासा गरेको छ। दिवा खाजा संचालन भएका विद्यालयहरु विद्यार्थीको हाजिरिको प्रमाणित प्रतिलिपि र विलभरपाई पेश गरेका छैनन् जसले गर्दावास्तविक विद्यार्थी संख्या एकिन गर्न सकिएन। विद्यालयले विद्यार्थीको हाजीरीको प्रमाणित प्रतिलिपि तथा विल भरपाई पेश नगरेकोले दिवा खाजा बापत निकासा भएको रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गरी विल भरपाई पेश गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः | |
| ७४.१ | | | बढी निकासाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाको शिक्षा शाखाले २४ वटा विद्यालयको दिवा खाजाबापत तेस्रो निकासाको लागि रु.२१३५०००.० सिफारिस गरेकोमा भौ.न.२९०-०७९।३।२३ बाट रु.२२२८८६३.० निकासा गरेको पाईयो। माग तथा सिफारिस रकम भन्दा बढी रु.९३८६३.० निकासा गरेकोले निकासा गर्नेलाई जिम्मेवार बनाई उक्त रकम सम्बन्धमा एकिन गरि सम्बन्धित विद्यालबाट फिर्ता।असूल गरी संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु.... | ९३,८६३ |
| ७४.२ | | | दिवा खाजाको रकमबाट अनुगमन भत्ताः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(क) मा एक | १७२,५०० |

<table>
<tr><td></td><td></td><td></td><td>खर्च शिर्षकमा विनियोजन भएको रकम अर्को शिर्षकमा खर्च गर्न नहुने व्यवस्था रहेको छ। तर पालिकाले भौ.न.३२०-- ०७९।०३।२५ बाट दिवा खाजामा विनियोजन भएको रकम विद्यालय अनुगमन गरेको भनि ७ जना पदाधिकारी तथा कर्मचारिलाई ३२ दिन सम्मको अनुगमन भत्ता बापत रु.१७२५००.० भुक्तानी दिएको पाईयो। उक्त अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश नभएको, कुन मितिमा कुन विद्यालय अनुगमन गरेको हो नखुलेको र निजहरुले पेश गरेको हाजिरीमा मिति उल्लेख नभएकोले उक्त अनुगमन गरेको नै हो भन्न सक्ने अवस्था रहेको नदेखिंदा सो सम्बन्धमा एकिन गरि अनुगमन गरेको प्रमाण प्रतिवेदन पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.....</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>बढी भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका भौ.न.बाट विल भरपाई भन्दा बढी खर्च लेखि बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु..
<table>
<tr><td>भौ.न./मिति</td><td>व्यहोरा</td><td>भुक्तानी भएको</td><td>स्रेस्ता अनुसार विलभरपाईको रकम</td><td>बढी रकम</td></tr>
<tr><td>२४४-०७९।३।१८</td><td>सामाजिक परिचालक नरेन्द्र साहको पेश्की फछ्यौंट</td><td>२५६९००</td><td>२५४७६०</td><td>२१४०</td></tr>
<tr><td>२०२-०७९।२।२४</td><td>राजेश प्रसाद साहको पेश्की फछ्यौट</td><td>१३७९०</td><td>११६९०</td><td>२१००</td></tr>
<tr><td>२८९-०७९।३।२३</td><td>यातायात खर्च बापत विजयकुमार झा लाई भुक्तानी</td><td>७५०००</td><td>७२०००</td><td>३०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>७२४०</td></tr>
</table></td><td>७,२४०</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>स्रेस्ता पेश नभएकोः<br>लेखापरिक्षण कार्यको लागि देहायका भौ.न.का स्रेस्ताहरु पेश नभएकोले व्यवस्थित रुपमा स्रेस्ता राखि लेखापरीक्षणमा पेश नगर्नेलाई जिम्मेवार बनाई उक्त खर्चको स्रेस्ता पेश हुनुपर्ने रु..
<table>
<tr><td>भौ.न./मिति</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>८४-०७९।१।०६</td><td>गहुँको विउ खरिद कार्य गरे बापत भुक्तानी</td><td>१४००००</td></tr>
<tr><td>३०९-०७९।३।२५</td><td>अनुगमन भत्ता वितरण</td><td>२५०००</td></tr>
<tr><td>२३५-०७९।३।१६</td><td>आयुर्वेद थप तलब</td><td>४६६२३६</td></tr>
<tr><td>३००-०७९।३।२४</td><td>पोषण संवेदनशील कार्यक्रमहरु भुक्तानी</td><td>१४००००</td></tr>
</table></td><td>१,६१७,४४७</td></tr>
</table>

| | | |
|---|---|---|
| ३०५-०७९।३।२४ | नेपाल स्वास्थ्य फुड ईण्ड्रस्टिजलाई भुक्तानी | ४९९९०३ |
| ३९-०७८।९।१ | कार्यलयको गाडी मर्मत बापत खर्च | ४६५२४ |
| २९७-०७९।३।२४ | GPE को सहयोगमा कोभिड-१९ शैक्षिक कार्यक्रम | १९९७८४ |
| ३०८-०७९।३।२४ | शैक्षिक पहुँच सुनिश्चितता कार्यक्रम | १००००० |
| | जम्मा | १६१७४४७ |

७७

**भुक्तानीमा कर कट्टीः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु.

| भौ.न. र मिति | कार्यक्रम तथा भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | करको दर | रकम |
|---|---|---|---|---|
| २४४-०७९।३।१८ | सामाजिक परिचालक नरेन्द्र साहको पेश्की फछ्यौंट | २५६९०० | १.५% अग्रिम कर | ३८२१ |
| १८-०७८।८।७ | कृषि सामाग्री लिमिटेडलाई भुक्तानी | ७००००० | १.५% अग्रिम कर | १०५०० |
| २९४-०७९।३।२३ | सिकाई सहजिकरण शैक्षिक कार्यक्रमको लागि सेवा नेपाल पर्सालाई भुक्तानी | ३००००० | १५% पारिश्रमिक कर | १३०५० |
| | | | १.५% अग्रिम कर | १८०० |
| | | | जम्मा | २९१७१ |

२९,१७१

७८

**खर्चको पुष्टाईः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। तर पालिकाले देहायका भौ.न. बाट खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात तथा विलभरपाई वेगर खर्च लेखेकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु...........

| भौ.नं./ मिति | भुक्तानी पाउने | प्रयोजन | नपुग कागजात | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८- | कृषि सामाग्री | गहुँको विउ | १९०४० के.जि. विउँमध्ये १८७६० के.जि. मात्र वितरण भएकोमा बाँकी २८० के.जि.को | १९६०० |

३१३,३६८

| | | | | |
|---|---|---|---|---|
| ०७८।८।७ | लिमिटेड हेटौडा | खरिद | वितरणको भरपाई पेश नभएको | |
| २२२-०७९।३।९<br>१९३-०७९।२।१८ | विकास तथा संचार समाज पोखरिया | सूचना तथा सन्देश प्रशारण | सूचना प्रसारण भएको जिंगल तथा प्रमाण पेश नभएको | १०४००० |
| २६१-०७९।३।१८ | आर्युर्वेद शाखाका कर्मचारीहरु | गाँउघर क्लिनिक संचालन | आयूर्वेदिक औषाधालयमा कार्तिक देखि जेष्ठ महिनासम्मको गाउँघर क्लिनिक संचालन भत्ता भनि ८ जना कर्मचारीलाई रु.६४७६८.० भुक्तानी भएकोमा निजहरुले उक्त क्लिनिकमा काम गरेको प्रमाण पेश नभएको | ६४७६८ |
| ३१-०७८।८।१५ | श्रुती ईनफोसिस | ल्यापटप खरिद | तिनवटा दररेट माग गरि खरिद गर्नुपर्नेमा सिधै खरिद गरेको | १२५००० |
| | | | जम्मा | ३१३३६८ |

| | | | | |
|---|---|---|---|---|
| ७९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न वडामा २९ योजना सञ्चालन गरी यस वर्ष १५३ जनालाई औसत ९६ दिनले १४६३७ दिन रोजगारी उपलव्ध गराई रु.८४४५५४९.० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। | |
| ८० | २१६ | २०७९-३-७ | **धानको विउ खरिदः**<br>खाद्यान्न बालीको उन्नत विउ उपयोगमा मुल्य अनुदान कार्यक्रम अन्तरगत ५० प्रतिशत अनुदान उन्नत विउँ सम्बन्धित कृषकलाई वितरण गर्ने व्यवस्था रहेको छ। पालिकाले न्यू कृषक विज भण्डार पोखरियाबाट ३६० के.जि. रु.५८०.० का दरले हाईव्रिड धानको विउ खरिद गरेबापत भौ.न.२१६-०७९।३।७ बाट रु.२०८८००.० भुक्तानी गरेको पाईयो। उक्त धानको विउँको ५० प्रतिशत | १०४,४०० |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदान बापतको रकम सम्बन्धित कृषकबाट जम्मा गर्नुपर्नेमा शतप्रतिशत रकम नै अनुदान दिएको देखिएको ५० प्रतिशत रकम रु.१०४४००.० सम्बन्धित कृषकबाट जम्मा गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.. | |
| ८१ | | | **लागत सहभागिता-**<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। साथै उक्तम्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७.१ मा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। तर पालिकाले आ.व.२०७७।७८ मा स्थापना भएको माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास तथा पकेट निरन्तरता कार्यक्रम अन्तरगत भौ.न.३०६-०७९।३।२४ बाट माछाको भुरा खरिद तथा वितरण बापत सिवर्वा मत्स्य पालन कृषक समूह पोखरियालाई रु.६०००००.० र सोही समूहको लागि भौ.न.३०७-०७९।३।२४ बाट महतो भेट पर्मा विरगंजलाई विषादी तथा औषधी खरिदबापत रु.१९८५८४.० समेत जम्मा रु.७९८५८४.० भुक्तानी दिएकोमा सो को ५० प्रतिशत लागत सहभागिताको रकम रु.३९९२९२.० सम्बन्धित सिवर्वा मत्स्य पालन कृषक समूह पोखरियाबाट असूल गरी सङ्घीय सञ्चितकोष फिर्ता गर्नु पर्ने रु. | ३९९,२९२ |
| ८२ | | | **गहुँको बिउँ खरिदः**<br>पालिकाले ५० प्रतिशत अनुदानमा गहुँको विउ १९०४० के.जि. खरिद तथा वितरण बापत कृषकबाट जम्मा भएको रु.१२००००.० लागत सहभागिताको रकम विविध खातामा दाखिला गरेको देखिएकोले उक्त रकम रु.१२००००.० संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु.... | १२०,००० |
| ८३ | | | **सडक बत्ती जडान**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद एवं निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । यसै गरी, नियमावली, २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई एकै पटक प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेमा पालिकाले विभिन्न वडाहरुमा सडक पोल बत्ति जडाक कार्यका लागि यो वर्ष निम्नानुसार रु. १९,२२,००१।- भूक्तानी दिएको छ । नगरपालिकाले एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी बत्ती जडानको काम भएको पुष्टयाई हुने प्रमाणको आधारमा भूक्तानी दिनुपर्नेमा प्रत्येक वडाको काम टुक्रा-टुक्रा खरिद गरी काम गराएको, एउटै फर्मबाट पटक पटक खरिद गरेको, कुन कुन स्थानमा जडान गर्ने भनी आवश्यकता पहिचान नगरेको, जडान प्रतिवेदन पेश नगरेको, जडित बत्तिको ग्यानेन्टीको प्रमाण पेश नगर्दा मर्मत संभार लगायतको दायित्व अवधिमा सडक बत्ति बिग्रिएमा को जिम्मेवार हुने लगायतका प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु. | १,९२२,००१ |

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने नाम | विवरण | रकम |
|---|---|---|---|
| ३८।०७८।८।२ | नन्दनी एण्ड खुशी ट्रेडर्स | २१० थान वडा नं.६ | ९९५७१ |
| ५५।०७८।८।५ | नन्दनी एण्ड खुशी ट्रेडर्स | २१० थान वडा नं.६ | ९९५७१ |
| ५६।०७८।८।५ | नन्दनी एण्ड खुशी ट्रेडर्स | २१० थान वडा नं.७ | ९९५७१ |
| १९२।०७८।८।१९ | इ सोनिक ट्रेड सप्लायर्स | १२० थान वडा नं.५ | ९९९४९ |
| १९७।०७८।८।१९ | नन्दनी एण्ड खुशी ट्रेडर्स | ११२ थान वडा नं.३ | ५४८७३ |
| २८१।०७८।९।२७ | नन्दनी एण्ड खुशी ट्रेडर्स | १०९ थान वडा नं.१ | ६०३७६ |
| ४८८।०७८।११।१५ | वैष्णवी एण्ड लोकेन्द्र सप्लायर्स | २७४ थान नगरपालिकाभरी | ४५१३२२ |
| ५३२।०७८।११।३० | नन्दनी एण्ड खुशी ट्रेडर्स | ८३ थान भेपर लाईट पालिकाभरी | ३३७६४४ |
| ५७२।०७९।१।४ | ए.बी.बी. इलेक्ट्रोनिक्स | १३५ थान पालिकाभरी | १२८७२४ |
| ५८५।०७९।१।५ | नन्दनी एण्ड खुशी ट्रेडर्स | ६१ थान पालिकाभरी | ३५७३४ |
| ६४६।०७९।१।१६ | ३ फर्महरुबाट | २७० थान वडा नं.९ | ९९७५४ |
| ६५८।०७९।१।२२ | नन्दनी एण्ड खुशी ट्रेडर्स | १८० थान वडा नं.१० | ९९७११ |
| ६६७।०७९।१।२३ | शिवनाथबाबा ट्रेडिङ्ग सप्लायर्स | ५० थान वडा नं. ३ | २५१५० |
| ९८२।०७९।३।२५ | इ सोनिक ट्रेड सप्लायर्स | ६० थान वडा वडा नं. ९ | ६२५५७ |
| १०१२।०७९।३।२५ | रागनी एण्ड चाँदनी ट्रेड एण्ड सप्लायर्स | १४६ थान वडा नं. २ | ६७७४४ |
| १०१३।०७९।३।२५ | नन्दनी एण्ड खुशी ट्रेडर्स | १९५ थान वडा नं. २ | ९९७५० |
| | | जम्मा | १९२२००१ |

| | | | | |
|---|---|---|---|---|
| ८४ | | | **कार्यदिश वेगर कार्य**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वर्षभरिमा ४२ ओटा संस्था वा फर्मलाई सूचना प्रकाशन गर्ने कार्यदिश (इमेलमार्फत समेत) वेगर रु. ५ हजार देखि ३९ हजार सम्म रु. | ५४९,१८६ |

| | | | | |
|---|---|---|---|---|
| | | | ४४७,०३६।- तथा ३ ओटालाई शुभकामना प्रकाशन वापत रु. १०२,१५०।- समेत रु. ५४९,१८६।- भूक्तानी दिएको छ । यसरी कार्यदिश वेगर बिलको आधारमा भूक्तानी दिएको कानून सम्मत नदेखिको रु. | |
| ८५ | | | **श्रेस्ता पेश नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा निम्न खर्चहरुको गोश्वारा भौचर मात्र पेश गरेको छ । सम्बन्धित खर्च पुष्टी हुने बिल भरपाइ लगायत आवश्यक कागजात पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | ३,२७४,४६५ |

| भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| २७०-२०७८/०९/२३ | सलोनी निर्माण सेवालाई भुक्तानी | २०८३४४ |
| २७५-२०७८/०९/२७ | अन्नपुर्ण होटललाई भुक्तानी | २४५९५ |
| ४८३-२०७८/११/१५ | पशुपति ह्यूम पाइप एण्ड कंक्रीट प्रोडक्टस प्रा.लि.लाई भुक्तानी | ४५४६०९ |
| ६४९-२०७९/१/१९ | पदाधिकारीहरूको अनुगमन र बैठक भता भुक्तानी | ४४५५०० |
| ६६२-२०७९/०१/२२ | सामुदायिक विधालयहरूको तलब २०७९ बैशाख देखि अषाढसम्मको निकासा | १६५०००० |
| ६९५- २०७९/०२/०३ | नगरपालिकाका कर्मचारीहरूकाे २०७९ बैशाख महिनाकाे तलब भुक्तानी | ८४७१० |
| ७५०-२०७९/०२/१९ | टावर लाइटको मिटर जडान गर्न भुक्तानी | २६९३५ |
| ८७४-२०७९/०३/१८ | नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा.लि.लाई भुक्तानी | २९८७७२ |
| ९१४-२०७९/०३/२० | अखलेश साह कानुलाई भुक्तानी | १६००० |
| ९६४-२०७९/०३/२४ | रूपेश कुमार रौनियारलाई भुक्तानी | ६५००० |
| | जम्मा | ३२७४४६५ |

| | | | | |
|---|---|---|---|---|
| ८६ | | | **ओभरहेड भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसुची १क (नियम १२ को उपनियम ४ संग सम्बन्धित) मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने ढाँचा स्वीकृत भएकोमा ओभरहेड वापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छैन । गाउँपालिकाले निम्नानुसारको कार्यक्रममा निम्न संस्थाहरुलाई संस्थागत शिर्षभार भनी ओभरहेड रु. ८३,६१८।- भुक्तानी गरेको छ । यसरी | ८३,६१८ |

संस्थालाई दिन नमिल्ने ओभरहेड सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| भौ. नं./ मिति | भुक्तानी पाउने | प्रयोजन /विवरण | रकम (भ्याट सहित) |
|---|---|---|---|
| ३१७।०७८।१०।११ | कृषि तथा सामाजिक विकास केन्द्र प्रा.लि. | सरसफाई तालिम | ३७०६४ |
| ३१६।०७८।१०।११ | सुनौलो नेपाल | जिवन उपयोगी सीप तालिम | १४४४ |
| ६८५।०७९।१।२९ | सामुदायिक तालिम केन्द्र प्रा.लि. | बेमौसमी तरकारी खेती सम्बन्धी तालिम | ३९२७ |
| ६०२।०७९।१।८ | सबल नेपाल तालिम केन्द्र | जनचेतनामूलक तालिम | १८५८३ |
| ९३२।०७९।३।२१ | राजा बाबु स्कील प्रा.लि. | जनचेतनामूलक तालिम | २२६०० |
| | | जम्मा | ८३६१८ |

८७

**बिल मात्र राखी खर्च लेखेको**

३,०५४,६७१

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु. ३०,५४,६७१।- भुक्तानी गर्दा बिल मात्र पेश गरेको छ । यी खर्च पुष्टी हुने आधार प्रमाण तथा निम्न नपुग कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौ. नं./ मिति | भुक्तानी पाउने | प्रयोजन /विवरण | नपुग कागजात | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८९।०७८।८।१९ | ॐ सिद्धि विनायक सप्लायर्स | कुर्सी ५४ मैट्रीक्स २ | दाखिला, माग फाराम, खरिद आदेश | ९८४८० |
| १९२।०७८।८।१९ | इ सोनिक ट्रेड सप्लायर्स | बत्ति १२० थान | दाखिला, माग फाराम, खरिद आदेश | ९९९४९ |
| ३९९।०७८।११।२ | रोमा एडभरटाइजिङ्ग कम्पनी प्रा लि | १३ थान डायरी | दाखिला, माग फाराम, खरिद आदेश | १४३०० |
| ४१०।०७८।११।१३ | मलंग बाबा बीज भण्डार | १५ थान स्प्रे टंकी | वितरण भरपाई, बिल | ५०००० |
| ४७५।०७८।११।१३ | जि एम टी कृषि सामाग्री उद्योग प्रा लि | ९३ बोरा म्यक्स पाउडर | वितरण भरपाई | ४४६४०० |
| ५५२।०७८।१२।१० | नारायणी किचेन ट्रेडर्स | जग, बाल्टिन, डेक्ची, कुर्सी | वितरण भरपाई, हफा | २००००० |
| ६७३।०७९।१।२६ | स्नेहा एण्ड निखिल सप्लायर्स | १२ थान कम्बल | वितरण भरपाई | ४७४६० |

| | | | | |
|---|---|---|---|---|
| ६८७।०७९।१।२९ | किरण राई हस्पिटल प्रा.लि. | स्वास्थ्य शिविर | सक्कल बिल, सहभागी विवरण | १०१५०० |
| ६२७।०७९।१।१५ | नेक मोटरसाइकल रिपेयरिङ्ग वर्कशप | मोटरसाइकल मर्मत | मर्मत आदेश, दाखिला | १६१७० |
| २७९।०७८।९।२७ | सलिम मिया तेली | कुस्ती प्रतियोगिता | प्रतिवेदन, खर्चको तेरिज | ५००००० |
| ६७३।०७९।१।२६ | स्नेहा एण्ड निखिल सप्लायर्स | कम्बल १२ थान | वितरण भरपाई | ९८८३० |
| ८६४।०७९।३।१७ | रामबाली पासवान | लामखुट्टे औषधी छर्केको | काम भएको प्रमाण | ६५७२६ |
| ९३९।०७९।३।२२ | बैजनाथ महतो थारु | बैठक भत्ता | माइन्यूट, भत्ता बुझेको भरपाइ | ११७००० |
| ९५८।०७९।३।२४ | विश्वकर्मा आलमुनियम एण्ड सेट फेब्रिकेट | २३ थान झ्याल मर्मत | मर्मत आदेश, झ्याल मर्मत भएको प्रमाण | १३११० |
| ९६१।०७९।३।२४ | न्यू यादव आयल स्टोर्स प्रा.लि. | इन्धन वापत | बिल नभएको | ३४८८१३ |
| १०१०।०७९।३।२५ | नन्दनी एण्ड खुशी ट्रेडर्स | १०५ थान बल्ब | दाखिला, बिल, जडान प्रतिवेदन | ४८६७८ |
| ९६७।०७९।३।२४ | जय दुर्गा गहवामाई सप्लायर्स | ३१ थान चापाकल सहित | जडान प्रतिवेदन | ४७१२५५ |
| १०१५।०७९।३।२५ | बैजनाथ महतो थारु | अनुगमन भत्ता | अनुगमन प्रतिवेदन | ३१७००० |
| | | | जम्मा | ३०५४६७१ |

८८

**वाईफाई जडान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. २० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले निम्न गोश्वारा भौचरबाट विभिन्न फर्मबाट विभिन्न ठाउँमा वाइफाइ जडान कार्यवापत रु. ९९९,४४६।- भुक्तानी गरेको छ। ती फर्महरुसँग सम्झौता नगरी सोझै खरिद गरेको, ती स्थानहरुको लोकेशन ट्रेसिङ्ग नगरेको, जडान प्रतिवेदन पेश नगरको साथै जडान गरेको स्थानमा वाइफाइको सुरक्षा कसको हुने भन्ने बारे विवरण पेश गरेको छैन । यसरी कानूनी व्यवस्थाको पालना नगरी सम्झौता वेगर सोझै खरिद कानून सम्मत देखिंदैन । साथै वाइफाइ जडान गरेको स्थानहरुको लोकेशन ट्रेसिङ्ग, जडान प्रतिवेदन, वाइफाइको सुरक्षा तथा प्रयोगकर्ताको गोपनियताको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं./मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| १९८।०७८।८।१९ | डलफिन नेट कम्युनिकेशन प्रा.लि. | वडा नं. ५ मा १४ स्थानमा | १९९९९६ |

९९९,४४६

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६४२।०७९।१।१६</td><td>वर्ल्ड लिंक कम्युनिकेशन लि.</td><td>वडा नं. ८ मा १० स्थानमा</td><td>२०००००</td></tr>
<tr><td>६४७।०७९।१।१६</td><td>डलफिन केवलनेट प्रा.लि.</td><td>वडा नं. १० मा २० स्थानमा</td><td>२९९४५०</td></tr>
<tr><td>९५६।०७९।३।२४</td><td>सुविसु केवलनेट प्रा.लि.</td><td>वडा नं. २ मा २० स्थानमा</td><td>३०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९९९४४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>कर्मचारी बीमा<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. १४६।०७८।८।१६ बाट १९ जना कर्मचारीको जिवन बिमा गराए वापत लाइफ इन्सोरेन्स कर्पोरेसन नेपाल लि. लाई रु. १९०,३०४।- भुक्तानी गरेको छ । ती कर्मचारी सवारी चालक, विद्युत मिस्त्री, बारुण यन्त्रका चालक रहेकोमा निजहरुले काम गर्ने प्रकृति खुलाई स्पेशिफिक एक्सिडेन्टल बिमा गर्नु पर्नेमा साधारण जिबन बिमा गरेको तथा उक्त बिमाको प्रिमियम हरेक बर्ष पालिकाले व्यहोर्नु पर्ने भएको यस्तो बिमा कानून सम्मत नदेखिएको रु.</td><td>१९०,३०४</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>फरक कार्य<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ८७५।०७९।३।१८ मा अति आवश्यक स्थानमा सहयोग एवम सामाग्री उपलब्ध गराउने कार्यक्रम रहेकोमा योजना संसोधन तथा स्वीकृत समेत नगरी डिजिटल मार्केटिङ्ग तालिमवापत नरेन्द्र साह कानुलाई रु. १०८,०००।- भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम भन्दा फरक तथा संसोधन समेत नगरेकोले नियमित नदेखिएको रु.</td><td>१०८,०००</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>कार्यविधि निर्माण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. २०४।०७८।८।१९ बाट संतोष प्रसाद ढुंगेललाई नियमावली २ तथा कार्यविधि ११ थान समेत कुल १३ थान कानून निर्माण वापत रु. ४९८,५५०।- भुक्तानी गरेको छ । निजलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको श्रोत व्यक्ति भएको आधारमा भुक्तानी गरेको छ । ती कानूनहरु राजपत्रमा प्रकाशन नगरी राखेको, कार्यालयमा दाखिला समेत गरेको छैन ।</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>अन्य निकायको खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च</td><td>५३७,२३१</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु. ५३७,२३१।- खर्च गरेको रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएकोले कानून सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>भुक्तानी पाउने</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>३१२।०७८।१०।१०</td><td>किरण ट्रेड सप्लायर्स</td><td>जिल्ला प्रशासन कार्यालय, पर्सालाई शौचालय मर्मत</td><td>७९३२६</td></tr>
<tr><td>९०९।०७९।३।२०</td><td>मनोज केयर आयल स्टोर्स</td><td>जिल्ला प्रशासन कार्यालय, पर्सालाई इन्धन वापत</td><td>७४९१९</td></tr>
<tr><td>८२५।०७९।३।८</td><td>दिब्या एण्ड अंश कन्सट्रक्सन</td><td>कृषि विकास बैंक, पोखरिया शाखाको एटिएम भवन</td><td>३५३०९६</td></tr>
<tr><td>१४५।०७८।८।१६</td><td>प्र.नि. विरेन्द्र कुमार सेन</td><td>शसस्त्र प्रहरी बेश क्याम्पलाई दशै खर्च</td><td>१००००</td></tr>
<tr><td>१९६।०७८।८।१९</td><td>प्र.नि. विरेन्द्र कुमार सेन</td><td>शसस्त्र प्रहरीलाई गाडी मर्मतवापत भुक्तानी</td><td>१९८९०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५३७२३१</td></tr>
</table></td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>खर्चको पुष्टि नभएको<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ५०९।०७८।११।२९ मा पर्सा एम.एम.प्रा.लि.लाई उक्त संस्थाको १९ औं बार्षिक उत्सवमा कार्यक्रममा स्टेज व्यानर बनाउन रु. ९८,०००।- भुक्तानी गरेको छ । उक्त खर्चको औचित्य पुष्टी हुदैन साथै आवश्यकता पनि देखिँदैन । यसरी आवश्यकता तथा औचित्य वेगरको खर्च लेख्नेलाई जिम्मेवार बनाई निजबाट नै असुल हुनुपर्ने रु.</td><td>९८,०००</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>अनुगमन भत्ता<br>मधेश प्रदेश सरकारद्वारा जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८ मा पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थानीय तहले संचालन गरेका आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रति महिना बढीमा तीन पटकसम्मको अनुसूची बमोजिमको अनुगमन भत्ता पाउने व्यवस्था छ । नगरपालिकाले सबै जनप्रतिनिधिहरुलाई ऐनको व्यवस्था अनुसार प्रत्येक महिनाको ३ ओटाको दरले अनुगमन भत्ता दिदै आइरहेकोमा गो.भौ.नं. ४७४।०७८।११।१३ बाट वडा अध्यक्ष सिमानन्द प्रसाद चौहानलाई अनुगमन भत्तावापत रु. १३५००।- (करबाहेक) उपलब्ध गराएको छ । ऐनको व्यवस्थाभन्दा बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>१३,५००</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>भ्रमण प्रतिवेदन पेश नगरेको</td><td>१००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ६५४।०७९।१।२१ मा वडा नं. ४ का पदाधिकारीहरुको ४ दिन (२०७८।९।१० देखि २०७८।९।१३ गतेसम्म) को अध्ययन अवलोकनको लागि हेटौडा गए वापत रु. १००,०००।- राम नरेश प्रसाद कलवारलाई भुक्तानी गरेको छ । उक्त कार्यको अध्ययन अवलोकन प्रतिवेदन पेश भएन । अध्ययन अवलोकन प्रतिवेदन पेश हुनुपर्ने रु. | |
| ९६ | | | **पाठ्यपुस्तक खरिद**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ६६८।०७९।१।२३ मा कक्षा ६ को १३ सेट रु. ७१३ का दरले तथा कक्षा ८ को ३६ सेट रु. ८६२ का दरले किताब खरिद वापत चौरसिया पुस्तक भण्डारलाई रु. ४०,०००।- भुक्तानी गरेको छ । नेपाल सरकारले तोकेको कक्षा ८ को प्रति सेट रु. ७६१ रहेकोमा रु. १०१ प्रति सेटले रु. ३६३६।- बढी व्ययभार पारेको छ । संघीय सरकार सशर्त अनुदानबाट पाठ्यपुस्तक सबै विद्यालयका लागि निशुल्क वितरण हुने गरेकोमा पालिकाले थप पाठ्यपुस्तक खरिद गरी जगतपुर विद्यालयलाई वितरण गरेको औचिन्यपूर्ण देखिंदैन। औचित्यपुष्टी नहुने सामाग्री खरिद गर्नेलाई जिम्मेबार बनाई सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ४०,००० |
| ९७ | | | **कल्याण कोष**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. १९४।०७८।११।१८ बाट यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १० लाख ट्रन्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी कर्मचारीको योगदान विना पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रन्सफर गर्न मिल्ने नदेखिएको रु. | १,०००,००० |
| ९८ | | | **स्वर्णबालिका बिमा कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ८००।०७९।३।३ बाट लुम्बिनी विकास बैंकमा रहेको पोखरिया नगरपालिकाको खाता नं. ०२३००१२००६११७३००००००१ मा रु. २० लाख निकासा गरेको छ । लेखापरीक्षणको क्रममा छलफल गर्दा उक्त खाता पालिकाभित्रका प्रत्येक बालिकालाई रु. | ४,११०,४९५ |

<table>
<tr><td></td><td></td><td></td><td>१० हजारको दरले मुद्धती निक्षेप गर्ने कुरा भएको भएतापनि उक्त बैंकसँग भएको सम्झौता पेश भएन । कुन मिति देखि उक्त कार्य शुरु भएको हो समेतको विवरण पेश भएन । उक्त खाताको स्टेटमेन्ट माग गर्दा हालको मौज्दात रु. ४१,९०,४९५।- देखिन्छ साथै विभिन्न मितिमा रकमहरु निकालेको समेत देखिन्छ । यसरी उक्त खाताबाट के कति कामले कसले रकम निकालेको भन्ने विवरण पेश भएन । यसरी सम्झौता वेगर विस्तृत विवरण पेश नगरी उक्त खाता संचालन गरेकोमा ती रकमबाट हुने कार्यको विवरण, लुम्बिनि विकास बैंकसँग भएको सम्झौता, हालसम्म मुद्धति खाता खोलोको लाभग्राहीको विवरण, निजहरुको खातामा रहेको रकमको विवरण लगायतका विवरण पेश हुनुपर्ने अन्यथा बाँकी रकम समेत गत विगतमा दाखिला सबै रकम एकिन गरी संचित कोषमा फिर्ता हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>फोटोकापी खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भौचरबाट पालिकाको विभिन्न कामका लागि फोटोकापी गरेवापत वर्षभरीमा रु. १३१,०८५।- भुक्तानी गरेको छ । पालिकासँग फोटोकापी तथा प्रिन्टर भएर पनि ती कामको लागि खर्च गरेको औचित्यपूर्ण देखिएन । औचित्यपूर्ण नभएको खर्च लेखेलाई जिम्मेवार बनाई असुल हुनुपर्ने रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>८६३।०७९।३।१७</td><td>विजय साह</td><td>२४१९०</td></tr>
<tr><td>१४०।०७८।८।१६</td><td>न्यु तराई फोटोकपी</td><td>१९५००</td></tr>
<tr><td>४९८।०७८।११।२६</td><td>मिता फोटो कपीयर</td><td>२४८५५</td></tr>
<tr><td>८६३।०७९।३।१७</td><td>विजय साह</td><td>२४१९०</td></tr>
<tr><td>१०१६।०७९।३।२५</td><td>बैजनाथ महतो थारु</td><td>२३५००</td></tr>
<tr><td>७६१।०७९।२।२३</td><td>न्यु तराई फोटोकपी</td><td>१४८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३१०८५</td></tr>
</table></td><td>१३१,०८५</td></tr>
<tr><td>१००</td><td></td><td></td><td>विद्यालयलाई अनुदान<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न भौचरबाट निम्न विद्यालयलाई विभिन्न शिर्षकबाट अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउने, अनुगमन कसले गर्ने, के</td><td>२,५९३,०००</td></tr>
</table>

के शिर्षकमा खर्च गर्ने सम्बन्धमा कुनै कार्यविधि तयार नगरी सोझै रकम उपलब्ध गराएको तथा अनुगमन प्रतिवेदन समेत पेश भएन । साथै यसै प्रकृतिका अनुदान संघीय सरकारबाट पनि प्रदान गरिदै आएकोमा दोहोरीने तथा अनियमितता बढने अवस्था रहेकोमा समेत यस सम्बन्धी कुनै कार्यविधि तयार नगरी तथा अनुगमन निरिक्षण प्रतिवेदन वेगर उपलब्ध गराएको अनुदान अनियमित देखिएको रु.

| भौ.नं./मिति | भुक्तानी पाउने/संस्था/व्यक्ति | रकम |
|---|---|---|
| १७।०७८।७।१६ | श्री ने.रा.प्रा.वि. श्रीसियालाई का.स.को तलब भुक्तानी | ७५००० |
| ४०९।०७८।११।२ | २ ओटा विद्यालयलाई स्वयम सेवक शिक्षक तलब भुक्तानी | ५८५००० |
| ६२६।०७९।१।१५ | विद्यालयहरुलाई पोशाक भत्ता वापत को रकम अनुदान | ११०००० |
| ६६१।०७९।१।२२ | श्री ने.रा.प्रा.वि. श्रीसियालाई का.स.को तलब भुक्तानी | ७५००० |
| ८१५।०७९।३।२१ | श्री ने.रा.प्रा.वि. श्रीसियालाई का.स.को तलब भुक्तानी | ७५००० |
| ९२२।०७९।३।२२ | २३ ओटा विद्यालयलाई रु. १२०००।- को दरले शिक्षिका प्रोत्साहन भत्ता भुक्तानी | ३७२००० |
| ९४०।०७९।३।२२ | स्वयमसेविका तलब श्री महोवानी पध्म मा.वि. रानीगंज,श्रीसिया | २६००० |
| ९८७।०७९।३।२५ | ३ ओटा विद्यालयलाई स्वयमसेवक भर्नाका लागि अनुदान | ९००००० |
| ३४१।०७८।१०।२३ | स्वयमसेविका शिक्षक तलब १२ ओटा विद्यालयलाई | ३७५००० |
| | जम्मा | २५९३००० |

१०१

**बिल भरपाई भन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न गोश्वारा भौचरबाट निम्न व्यक्ति/फर्मलाई भुक्तानी गर्दा बिल भरपाई भन्दा बढी हुने गरी भुक्तानी गरेको छ । यसरी बिल भरपाई भन्दा बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु. २५,००६

| भौ.नं./मिति | भुक्तानी पाउने | बिल भरपाई | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| ८६।०७८।८।१५ | बैजनाथ महतो थारु | ८२६० | १६२६६ | ८००६ |
| ४१०।०७८।११।२ | मलंग बाबा बीज भण्डार | ३३००० | ५०००० | १७००० |
| | | | जम्मा | २५००६ |

| | | | | |
|---|---|---|---|---|
| १०२ | | | **गैर सरकारी संस्थासँग कार्यः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने, नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने, नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा लागत अनुमान तयार नगरी सोझै खरिदको प्रकृयाबाट गर्दा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको, लागत अनुमान तयार नगरी सोझै खरिद प्रकृयाबाट काम गराएर थप व्ययभार पारेको रु. (विस्तृत विवरण अनुसूचीमा छ) | ८५७,०२५ |
| १०३ | | | **ह्याण्डपम्प सेट खरिद तथा वितरण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ६८१।०७९।१।२७ बाट ७५ थान खरिद वापत रु. ११,३३,७७४.७६।- तथा गो.भौ.नं. ९०४।०७९।३।२० बाट १२७ थान खरिद वापत रु. १९,०६,८०९.९५।- समेत कुल २०२ थान ह्याण्ड पम्प सेट (पाइप, फिल्टर, हेड समेत) खरिद वापत न्यू सुरज मेशिनरीलाई रु. ३०,४०,५८४.७१।- भुक्तानी गरेको छ । नियमावलीको व्यवस्थाअनुसार बोलपत्र आह्वान गरी खरिद गर्नुपर्नेमा दुई पटक शिलबन्दी गरी खरिद गरेको छ । यसरी बोलपत्र गरी खरिद गर्नुपर्नेका शिलबन्दी बाट खरिद गरेको नियमसम्मत देखिदैन । ह्याण्ड पम्प सेट वितरणका लागि लाभग्राही छनौट सम्बन्धी कुनै कार्यविधि निर्माण नगरेको तथा वडा अध्यक्षको तोकआदेश अनुसार वितरण गरेको पाइयो । ती ह्याण्ड पम्पहरु जडान गरेको पालिकाको तर्फबाट अनुगमन गरेको छैन । पूर्वाधार विकास कार्यालय, पर्साले पनि उक्त पालिकामा ह्याण्ड पम्प जडान गरेकोमा दोहोरो परे नपरेको विवरण पेश नभएको । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः | |
| १०३.१ | | | गो.भौ.नं. ६८१।०७९।१।२७ बाट खरिद गरेको ७५ थान वडा नं. ७ का विभिन्न ५३ जनालाई वितरण गरेको भरपाई पेश गरेकोमा बाँकी २२ ओटाको वितरण भरपाई पेश गरेको छैन । बाँकीको वितरण भरपाई पेश हुनुपर्ने रु. | ३३२,५७४ |

<table>
<tr><td>१०३.२</td><td></td><td></td><td>गो.भौ.नं. ९०४।०७९।३।२० बाट खरिद गरेको १२७ थान मध्ये १०७ थान वडा नं. ९ का वडा अध्यक्ष श्री राम बाबु प्रसाद चौहानलाई हस्तान्तरण गरेकोमा लाभग्राहीलाई वितरण गरेको भरपाई पेश नभएको तथा बाँकी २० थान कहाँ कसको जिम्मामा रहेको समेत विवरण पेश भएन । १०७ थान वितरण गरेको भरपाई तथा बाँकी २० थानको हालको अवस्था पुष्टि हुने प्रमाण कागजात पेश हुनुपर्ने रु.</td><td>१,९०६,८१०</td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>कर कट्टी नगरेको<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ । निम्न संस्थाहरु मू.अ.करमा दर्ता नभएको तर गाउँपालिकाले ती संस्थाबाट तालिम गराएवापतको भुक्तानीमा नियमानुसार करकट्टी हुनुपर्ने कर कट्टी नगरेको तथा घटी कट्टी गरेको पाइयो। निम्नानुसारको घटी कट्टी दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>भौ. नं./ मिति</th><th>भुक्तानी पाउने</th><th>कर काटनुपर्ने</th><th>कर काटेको</th><th>घटी कट्टी</th></tr>
<tr><td>६०२।०७९।१।८</td><td>सबल नेपाल तालिम केन्द्र</td><td>११५६१</td><td>२९६३</td><td>८५९८</td></tr>
<tr><td>९३३।०७९।३।२१</td><td>नागरिक विकास समन्वय समिति</td><td>६२३३</td><td>२९७०</td><td>३२६३</td></tr>
<tr><td>८३०।०७९।३।८</td><td>शुलभ सीपमूलक तालिम केन्द्र प्रा.लि.</td><td>११७३१</td><td>९०३२</td><td>२६९९</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१४५६०</td></tr>
</table></td><td>१४,५६०</td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>वितरणमुखी कार्य<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न वडाहरुमा ब्लाङ्केट, साडी, ग्यासँ चुल्हा, छाता, टर्च, सिलिण्डर, ग्याँस आदि वितरण कार्यका लागि वडाहरुमा बजेट टुक्रा-टुक्रा पारी रु. ४०,७९,६९२।- खर्च गरेको छ । उक्त वितरण कार्यको लाभग्राही छनौट सम्बन्धी कुनै कार्यविधि वेगर स्वविवेकको आधारमा वितरण गरेको गरेको छ । यस्ता वितरणमूखी कार्यका लागि लाभग्राही छनौटको कार्यविधि निर्माण गरी लागत अनुमान तयार गरी एकमुष्ट रुपमा बोलपत्र माध्यमबाट खरिद गरी वितरण गर्नुपर्नेमा ऐन नियमावलीको व्यवस्था पालना नगरी निम्न सामाग्रीहरु टुक्रा-टुक्रा पारी वडाहरुले फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ । यसरी कानूनी व्यवस्था विपरीत खरिद कार्य गरेको नियमित नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| गो.भौ.नं./मिति | भूक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ४१०।०७८।११।१३ | मलंग बाबा बीज भण्डार | १५ थान स्प्रे टंकी | ५०००० |
| ४७५।०७८।११।१३ | जि एम टी कृषि सामाग्री उद्योग प्रा लि | ९३ बोरा म्यक्स पाउडर | ४४६४०० |
| ५५२।०७८।१२।१० | नारायणी किचेन ट्रेडर्स | जग, बाल्टिन, डेक्ची, कुर्सी | २००००० |
| ६७३।०७९।१।२६ | स्नेहा एण्ड निखिल सप्लायर्स | १२ थान कम्बल | ४७४६० |
| २१८।०७८।८।१९ | आयुषी ट्रेडर्स एण्ड सप्लायर्स | ६३ थान ब्लाङ्केट वडा नं. ३ | २४९१६५ |
| ४३०।०७८।११।४ | श्रीयम सप्लायर्स | १०१ थान ब्लाङ्केट वडा नं. ४ | ३९९४५५ |
| ४४३।०७८।११।९ | ऋतुराज सप्लायर्स | ९० थान साडी वडा नं. ८ | ९९९०१ |
| ४४४।०७८।११।९ | ऋतुराज सप्लायर्स | ३० थान ब्लाङ्केट वडा नं. ८ | १००००० |
| ४६३।०७८।११।११ | ऋतुराज सप्लायर्स | विद्यालयमा कपडा वितरण | ९९८९७ |
| ५५२।०७८।१२।१० | नारायणी किचेन ट्रेडर्स | जग, डेक्ची, कुर्सी, बाल्टिन | २००००० |
| ५५८।०७८।१२।२९ | सौन्दर्य डेभलपमेन्ट एण्ड स्किल प्रा.लि. | ८४ थान साडी, ५८ थान कम्बल वडा नं. ५ | १९९४९९ |
| ५६४।०७८।१२।३० | अम्बिका महतो खुलवट | साडी १५० थान वडा नं. १ | ९९६०० |
| ५७०।०७९।१।४ | मृत्युन्जय मिश्रा | भाडा वर्तन वितरण वडा नं. ६ | ५०००० |
| ६२९।०७९।१।१५ | अलोक इन्टरप्राइजेज | दलितहरुलाई भाडा वर्तन वितरण | १००००० |
| ६३४।०७९।१।१५ | किरण एण्ड अर्चना सप्लायर्स | २३ थान स्प्रे टंकी | ९५७०० |
| ६४४।०७९।१।१६ | ऋतुराज सप्लायर्स | ५० थान साइकल जगतपुर स्कुलमा वितरण | ४९९४६० |
| ६५७।०७९।१।२१ | शुभम ट्रेड एण्ड सप्लायर्स | भाडा वर्तन वितरण वडा नं. २ | ६०००० |
| ६७३।०७९।१।२६ | स्नेहा एण्ड निखिल सप्लायर्स | कम्बल १२ थान वितरण वडा नं. ३ | ९८८३० |
| ६७७।०७९।१।२६ | ऋतुराज सप्लायर्स | सर्ट पाइन्टको कपडा आधारभूत विद्यालय जगतपुरमा वितरण | ९८८३० |
| ७४७।०७९।२।१७ | सुर्या एण्ड गंगा सप्लायर्स | साउण्ड बक्स, एम्लिफायर लगायतका सामान वडा नं. ४ का समितिहरुमा | ९९४४० |

| | | | |
|---|---|---|---|
| ८९०।०७९।३।१९ | ऋतुराज सप्लायर्स | दोसल्ला ६१ थान वडा नं. ८ मा | ९९९४९ |
| ८९१।०७९।३।१९ | इशा ट्रेडिङ्ग | हारमोनियम,एम्प्लिफायर लगायतका सामान शिवचर्चा समितिलाई वितरण | ९९८४२ |
| ८९८।०७९।३।१९ | ऋतुराज सप्लायर्स | दोसल्ला ३२ थान वडा नं. ८ मा | ५०००० |
| ९७७।०७९।३।२४ | ऋतुराज सप्लायर्स | होली पर्वमा भेष्ट वितरण वडा नं. ८ | ३९२९० |
| ९५३।०७९।३।२३ | ऋतुराज सप्लायर्स | २६५ थान साडी वडा नं. २ | २९९४५० |
| ७४८।०७९।२।१८ | आरभ एण्ड विष्णु सप्लायर्स प्रा.लि. | ८० थान कम्बल वडा नं. १ | १९७५२४ |
| | | जम्मा | ४०७९६९२ |

१०६

**अनुत्पादक कार्य**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा कुनै संस्था वा व्यक्तिलाई पर्व, जात्रा, उत्सव मनाउन खर्च तथा सहयोग गर्ने व्यवस्था भएको देखिदैन । पालिकाले निम्न गोश्वारा भौचरबाट निम्न सम्बन्धित प्रतिनिधिहरु तथा कर्मचारीलाई छठ, तिहार, दशैं, होली, शिवरात्री आदी पर्व मनाउन पालिकाबाटै वडाहरुलाई योजना छनौट गरी बजेट व्यवस्था गरी टुक्रा-टुक्रा पारी खर्च गरेको तथा व्यक्तिहरुलाई सहायताको रुपमा पनि भुक्तानी गरेको छ । ती कार्यले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाउ दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई रु. १९,३५,२१६।- वितरण गरेको छ । यस्तो खर्च कानून सम्मत नभएकोले अनियमित भएको रु.

| गो.भौ.नं./मिति | भूक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| २५।०७८।७।३० | राम पुकार गिरी | विश्वकर्मा पुजा | ४३६९५ |
| ४०।०७८।८।२ | राजेश प्रसाद यादव | वडा नं. २ मा छठ पुजा | ९४५०० |
| १३३।०७८।८।१६ | विक्रम साह कानू | वडा नं. ३ मा छठ पुजा | १५००० |
| १४८।०७८।८।१६ | मनोज कुमार साह | वडा नं. ७ मा छठ पुजा | ९९४०० |
| १४९।०७८।८।१६ | मनोज कुमार साह | वडा नं. ७ मा छठ पुजा गत आ.व.को | १००००० |
| १५०।०७८।८।१६ | नेपाल टेन्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडा नं. १ मा छठ पुजा | ९९७०० |
| १५१।०७८।८।१६ | नेपाल टेन्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडा नं. १ मा दुर्गा पुजा | ६८००० |

१,९३५,२१६

| | | | |
|---|---|---|---|
| १५२।०७८।८।१७ | नेपाल टेन्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडा नं. ५ मा छठ पुजा | ५०००० |
| १७०।०७८।८।१७ | मृत्युन्जय मिश्रा | वडा नं. ६ मा छठ पुजा | १००००० |
| १९१।०७८।८।१९ | राम नरेश प्रसाद | वडा नं. ४ मा दुर्गा पुजा | २००००० |
| २४५।०७८।९।१४ | विर बहादुर पंडीत | वडा नं. १० मा छठ पुजा | १००००० |
| २५४।०७८।९।१६ | विर बहादुर पंडीत | वडा नं. १० मा विटोर भण्डारा | १००००० |
| २७८।०७८।९।२७ | अम्बिका महतो खुलवट | वडा नं. १ मा छठ पुजा | १९९०० |
| २९५।०७८।९।३० | न्यू यादव आयल आयल स्टोर्स | श्री संत मण्डी महायज्ञ खर्च | २८४०३ |
| | श्रेष्ठ सप्लायर्स | | १९७१६८ |
| ३०२।०७८।१०।९ | अम्बिका महतो खुलवट | वडा नं. २ मा छठ पुजा | २१२१०० |
| ३३८।०७८।१०।१३ | राम नरेश प्रसाद कलवार | वडा नं. ४ मा छठ पुजा | २५००० |
| ४०३।०७८।११।२ | विक्रम साह कानु | वडा नं. १० मा छठ पुजा | २४८५० |
| ४२७।०७८।११।८ | द्वारिकानन्द राउत कुर्मी | वडा नं. ७ मा छठ पुजा | २५००० |
| ४४०।०७८।११।११ | नेपाल टेण्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडा नं. ५ मा छठ पुजा | १९८०० |
| ४६०।०७८।११।११ | अम्बिका महतो खुलवट | सरस्वती पुजा, विटोर वडा नं. २ | ३७००० |
| ४६१।०७८।११।११ | अम्बिका महतो खुलवट | वडा नं. २ मा छठ पुजा | ३९३०० |
| ५२०।०७८।११।३० | नेपाल टेण्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडा नं. ९ मा छठ पुजा | ९८६०० |
| ५९२।०७९।१।७ | शिवनाथ महतो | वडा नं. ९ मा छठ पुजा | ३९३०० |
| ८४०।०७९।३।९ | विर बहादुर पंडित | विटोर कार्यक्रम वडा नं. १० | ९८५०० |
| | | जम्मा | १९३५२१६ |

| | | | | |
|---|---|---|---|---|
| १०७ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै गरीको कर्तव्य हुने व्यवस्था छ । गाउँपालिकामा आर्थिक वर्षको अन्तमा रु. ३,१२,९७,४९९।– | २४,१७२,७२५ |

| | | | | |
|---|---|---|---|---|
| | | | पेश्की फछ्र्योंटनभई बाँकी रहेको छ । उक्त पेश्की मध्ये म्याद बाँकी रहेको मोबिलाइजेशन पेश्की रु. ७१,२४,७७४।— बाहेकोको रु. २,४१,७२,७२५।— पेश्की बाँकी नियमावली अनुसार फछ्र्योंट हुनुपर्ने देखिएको रु. (विस्तृत विवरण अनुसूचीमा छ) | |